म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९१ सोमबार २६ कात्तिक २०८१ ने. सं. ११४५ कछलाथ्व 11 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

**बालबालिकालाई निमोनियाबाट जोगाऔं**

निमोनियाबाट बालबालिकालाई बचाउन,
☞ नियमित रुपमा लगाईने खोपहरु लगाऔं ।
☞ आमाको दुधका साथै पोषणयुक्त थप आहार खुवाऔं ।
☞ धुलो, धुवाँ, चिसो तथा प्रदुषणबाट बचाऔं ।
☞ सरसफाईमा उचित ध्यान दिऔं ।
☞ संक्रमण भएमा चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# बागमतीमा बन्यो दुई दलीय संयन्त्र, सरकारको १०० दिने उपलब्धि माग्ने

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ संघीय सरकारका सत्तासाझेदार दल नेपाली कांग्रेस र नेकपा एमालेबीच दुई दलीय संयन्त्र बनेको चार दिनपछि बागमती प्रदेशमा पनि संयन्त्र गठन गरिएको छ ।

संघीय सरकारमा २१ कार्तिकमा दुई दलीय संयन्त्र गटन भएको थियो । बागमती प्रदेशस्तरीय दुई दलीय संयन्त्रको नेपाली कांग्रेस प्रदेश कार्यसमितिका सभापति ईन्द्रबहादुर बानियाँको अध्यक्षतामा आइतबार ललितपुरमा पहिलो बैठक बसेको छ ।



प्रदेशस्तरीय संयन्त्रमा कांग्रेस प्रदेश सभापति बानियाँ, मुख्यमन्त्री तथा कांग्रेस बागमती प्रदेश संसदीय दलका नेता बहादुरसिंह लामा, कांग्रेस प्रदेश उपसभापति चन्द्र महर्जन तथा नेकपा एमालेको तर्फबाट एमाले बागमती इञ्चार्ज राजन भट्टराई, एमाले प्रदेश अध्यक्ष कैलाश ढुंगेल रहेका छन् ।

दुई दलीय संयन्त्रको पहिलो बैठकले ३ मंसिरमा बागमती सरकारको मन्त्रिपरिषदसँग संयुक्त बैठक राखेको छ । संयन्त्रले सरकारसँग १०० दिनको उपलब्धिबारे जानकारी लिने निर्णय गरेको छ । गत ८ साउनमा गठित प्रदेश सरकारले १४ कार्तिकमा १०० दिन पूरा गरेको छ । तर, मुख्यमन्त्री लामाले १०० दिनको उपलब्धि सार्वजनिक गरेका छैनन् । १०० दिनको उपलब्धि सार्वजिनक गरेर नागरिकलाई जानकारी दिने विगतको सरकारको अभ्यास कार्यान्वयन गर्न चुकेको भन्दै लामाको आलोचना भइरहेको छ ।

संयन्त्रको बैठकको दुई दलले एक-एक महिना पालैपालो संयोजन गर्ने र २०८१ साल मंसिर मसान्तसम्मको बैठकको संयोजन नेपाली कांग्रेसले गर्ने निर्णय भएको कांग्रेस प्रदेश सभापति बानियाँले जानकारी दिए ।

बैठकले संयन्त्रको सचिवालयमा नेपाली कांग्रेस र नेकपा (एमाले) का तर्फवाट एक-एक जना रहने, बागमती प्रदेशका १३ वटै जिल्लामा संयन्त्र निर्माण गर्न दुबै दलका जिल्ला तहसँग समन्वय गरी यथाशीघ्र गठन गर्न निर्देशन दिने पनि निर्णय भएको बानियाँले बताए ।

संयन्त्रको बैठक महिनामा कम्तीमा एकपटक अनिवार्य बस्ने र आवश्यकता अनुसार थप बस्नसक्ने पनि दुई दलीय सहमति बनेको छ । यसैगरी, २२ कार्तिकमा बसेको बागमती प्रदेशको सत्तापक्षीय नेपाली कांग्रेस र नेकपा (एमाले) को संयुक्त संयन्त्रको बैठकले पनि सरकारलाई १०० दिनको उपलब्धि सार्वजनिक गर्न सुझाव दिने निर्णय गरिसकेको छ । सत्तापक्षीय संयन्त्रमा कांग्रेसबाट दलका उपनेता रामकृष्ण चित्रकार, मुख्य सचेतक गोविन्द लम्साल र कांग्रेस प्रदेश सदस्य रामकुमार पहारी तथा एमालेबाट प्रमुख सचेतक मधुसुदन पौडेल, प्रदशसभा सदस्य तथा पूर्वमन्त्री केशव पोखेल छन् ।

यस संयन्त्रले प्रदेशका मन्त्रीहरुको आचारसंहिता अविलम्व तयार गर्ने, प्रदेश सरकार संचालन गर्न अत्यावश्यक बिधेयक तथा संशोधन गर्नुपर्ने ऐनहरुको मस्यौदा तयार गरी प्रदेश संसदको आगामी शितकालीन अधिवेशनमा बिजनेश पेश गर्न सुझाव दिने, बाढीपहिरो प्रभावित क्षेत्रका नागरिकलाई यथाशीघ्र आवास पुन:स्थापना गर्न र प्रदेश सरकारको कार्यक्षेत्र भित्रको क्षतिग्रस्त भौतिक संरचनाहरु तत्काल पुन:निर्माण गर्न संघीय सरकार मातहतको प्रधानमन्त्री विपद व्यवस्थापन कोषको रकम परिचालन गर्न संघीय सरकारसँग समन्वय गरी कार्ययोजना सहित अविलम्व पुन:निर्माणको कार्य अघि बढाउन ध्यानाकर्षण गराउने निर्णय भएको संयन्त्रका संयोजक चित्रकारले जानकारी दिए ।

# शिक्षक बम्जनमाथि गोली प्रहार, दाँतमा गोली लाग्दा जोगियो ज्यान

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ मकवानपुरको बकैया गाउँपालिका-३ हात्तिसुँडेमा रहेको बुद्ध माध्यमिक विद्यालयका प्रधानाध्यापक प्रेमबहादुर बम्जनमाथि गोली प्रहार भएको छ ।

बागमती गाउँपालिका-१, बोटगाउँ घर भएका बम्जनमाथि घर फर्कने क्रममा ३ जनाको अज्ञात समूहले सिन्धुलीको हरिहरिपुरगढी गाउँपालिका-६, स्थित सिन्धुली-सर्लाही-कर्मैया सडकखण्डमा गोली प्रहार गरेको जिल्ला प्रहरी कार्यालय सिन्धुलीले जानकारी दिएको छ । सिन्धुलीका प्रहरी नायवउपरीक्षक अनिल खड्काका अनुसार ३ जनाको समूहले मोटरसाइकल चलाएर हिँडिरहेको अवस्थामा बम्जनलाई रोकेर नलकटुवा बन्दुकले गोली प्रहार गरेको बताए ।



बम्जनले लगाएको हेल्मेटको दाहिनेतर्फबाट प्रहार भएको गोलीले गाला छेडेर दाँत (बंगारा) मा अड्किएको डीएसपी खड्काले बताए । 'दाँतमा अड्किएकाले ज्यान जोगिएको पाइयो । गोलीले हेल्मेटको दाहिनेतर्फबाट गाला छेडिएको थियो', उनले भने । घाइते बम्जनलाई सर्लाहीमा सामान्य उपचारपछि थप उपचारका लागि बीरगञ्जको वयोधा अस्पताल लगिएको थियो । सिन्धुलीबाट छिमेकी जिल्ला प्रवेश गर्ने सबै नाकाहरुमा सुरक्षा कडा गरेर गोली प्रहार गर्ने समूहको खोजीकार्य भइरहेको डीएसपी खड्काले बताए ।

बम्जन आइतबार रौतहटको गैंडाटारस्थित दिदीको घरमा पूजा सकेर बागमतीस्थित घर फर्किँदै थिए । बम्जनले चलाएको प्रदेश २-०३-००६ प ८५५४ नम्बरको मोटरसाइकल पछाडि उनका भाइ दिलबहादुर बम्जन सवार रहेकोमा उनी सकुशल रहेको डीएसपी खड्काले जानकारी दिए । ३ जनाको समूहमा रहेका व्यक्तिले बम्जनमाथि बाटो ढुकेर गोली प्रहार गरेको देखिएकोले दुश्मनीका कारण हुन सक्ने उनले आशंका गरे ।

यता घाइते बम्जनले पैसा लुटपाट गर्ने उद्देश्यले बसेको डाँका समूहले आफूमाथि गोली प्रहार गरेको बताएका छन् । आफूलाई बाटो ढुकेर बसेको डाँका समूहले पैसा मागेको र पैसा छैन भनेपछि गोली हानेको बताएका हुन् । 'म र भाइ दिदीको घरमा पूजामा गएर मोटरसाइक्लमा घर फर्किँदै थियौं । बाटोछेउमा बसिरहेको ४-५ जनाको समूहले रोकेर पैसा मागे । मैले पैसा छैन भनेर बाइक रोकेर ओर्लिन खोज्दाखोज्दै गोली हानिहाले', घाइते बम्जनलाई उदृत गर्दै बीरगञ्जस्थित अस्पतालमासँगै रहेका उद्धव घिमिरेले भने ।

घिमिरे शिक्षक बम्जनले पढाउने विद्यालयका पूर्वविद्यार्थी हुन् । गोली प्रहार गर्ने बित्तिकै अरु गाडीहरु पनि आइपुगेपछि डाँका समूह भागेको घिमिरेले बताए । घिमिरेका अनुसार बम्जनलाई थप उपचारको लागि चितवनस्थित भरतपुर वा काठमाडौं लैजाने विषयमा छलफल भइरहेको छ । 'गोली दाँतमा अड्किएर सर जोगिनु भएको रहेछ । वयोधा अस्पतालका चिकित्सकले सर खतरामुक्त हुनुहुन्छ भन्नुभएको छ । तर, पनि थप उपचारका लागि भरतपुर वा काठमाडौं लैजाने छलफलमा छौं' आइतबार राती उनले भने ।

# १६२ किलो लागुऔषध गाँजासहित एक युवक पक्राउ

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ जिल्ला प्रहरी कार्यालय मकवानपुरले १६२ किलो लागुऔषध गाँजासहित एकजना युवकलाई पक्राउ गरेको छ । हेटौंडा उपमहानगरपालिका वडा नंबर-१९ नेवारपानीस्थित पूर्व-पश्चिम राजमार्ग सडकखण्डमा लागुऔषध गाँजासहित एकजना पक्राउ परेका हुन् ।

मनहरीबाट हेटौंडातर्फ आउँदै गरेको प्रदेश ३-०१-०२४ च ६३६१ नंबरको योद्दा पिकअप गाडीलाई रोकी गाडीको चालक काभ्रेपलाञ्चोक धुलिखेल नगरपालिका-१२ बस्ने २९ वर्षीय किरण वाग्लेलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय कवानपुरका प्रहरी नायवउपरीक्षक श्यामु अर्यालले जानकारी दिए ।

खानतलासी गर्दा गाडीको पछाडिको भागमा खाली प्लाष्टिकको क्रेटहरु मुनी लुकाई राखिएको अवस्थामा १६२ किलो ५ सय ८० ग्राम लागूऔषध गाँजा फेला परेको र लागूऔषध, योद्दा गाडी सहित निज वाग्लेलाई नियन्त्रणमा लिई मकवानपुर जिल्ला अदालतबाट ४ दिनको म्याद थप अनुमति लिएर थप अनुसन्धान कार्य भइरहेको डिएसपी अर्यालले बताएका छन् ।

# जेसीज सप्ताह गर्दै हेटौंडा लेडी जेसीज

JCI Hetauda Lady

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ जेसीआईं हेटौंडा लेडीको जेसीज सप्ताह २०२४ मंगलबारबाट सुरुहुने भएको छ । विविध कार्यक्रम आयोजना गरी यसवर्षको सप्ताहव्यापी कार्यक्रम सुरु गर्न लागिएको हेटौंडा लेडी जेसीज सन् २०२४ अध्यक्ष सजिता केसीले जनाएकी छन् ।

मंगलबार, बुधबार, बिहीबार र शुक्रबार गरी चार दिनसम्म सातवटा कार्यक्रम आयोजना गर्न लागिएको उनले बताइन् । केसीका अनुसार, मंगलबार बिहान हेटौंडा-१५ स्थित दिव्यसेवा निकेतनमा खाद्यान्न वितरण, दिउँसो हेटौंडा-८ स्थित शुभम् पार्टी प्यालेसमा व्यक्तिगत सौन्दर्यकला तालिम हुने भएको छ ।

खाद्यान्न वितरण कार्यक्रमको संयोजकमा सुनिता लुईंटेल र सौन्दर्यकला तालिमको संयोजकको जिम्मेवारी प्रतिमा ढकाललाई प्रदान गरिएको छ । यस्तै, बुधबार विहान हेटौंडा-१० स्थित भुटनदेवी मन्दिर सरसफाइ र दिउँसो हेटौंडा-९ स्थित त्रिवेणी आधारभूत विद्यालयमा शैक्षिक सामग्री हस्तान्तरण कार्यक्रम तय गरिएको छ । सरसफाइ कार्यक्रमको संयोजकमा रञ्जु पुडासैनी तथा शैक्षिक सामग्री वितरण कार्यक्रमको संयोजकमा दिप्ती अधिकारीलाई तोकिएको छ ।

यसैगरी, बिहीबार बिहान हेटौंडा-४ स्थित सितलमहल चोकमा स्लो स्कुट रेस प्रतियोगिता तथा दिउँसो हेटौंडा-८ स्थित चन्द्रोदय माविमा बुद्धरत्ज शाक्य स्मृति खुल्ला वक्तृत्वकला प्रतियोगिता आयोजना गरिने मूल कार्यक्रम संयोजक तथा कार्यकारिणी उपाध्यक्ष नम्रता श्रेष्ठले जानकारी दिइन् । स्कुटर रेस र वक्तृत्वकलाको संयोजकमा क्रमश: अस्मिता श्रेष्ठ र मोनिका पौडेल रहेकी छन् ।

शुक्रबार सप्ताहव्यापी कार्यक्रमको समापन तथा पुरस्कार वितरण गरिनेछ । समापन समारोह हेटौंडा-८ स्थित शुभम् पार्टी प्यालेसमा हुनेछ । समापन तथा पुरस्कार वितरण कार्यक्रमको संयोजकमा सलोनी बटाजु रहेकी छन् । सप्ताहव्यापी कार्यक्रमको सहमूल कार्यक्रम संयोजक मीना गुरुङ रहेकी छन् । जेसीजले हरेक वर्ष विभिन्न रचनात्मक क्रियाकलाप गर्दै आइरहेको महासचिव इन्दिरा बानियाँले बताइन् ।

# हिमालयन राइडर्सका सदस्य मिर्चैयामा

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ हिमालयन राइडर्स सोसाइटी मकवानपुरका सदस्यहरु २०८१ कार्तिक २४ गते शनिबारदेखि मेची महाकाली साइकलयात्रा सुरु गरेका छन् । आइतबार दोस्रो दिन उनीहरु २३३ किलोमिटर दूरी पार गरी मिर्चैया आइपुगेका छन् ।

सोसाइटीका ३ जना सदस्यले मेची पुलबाट महाकालीसम्मको साइक्ल यात्रा सुरु गरेका छन् भने ३ जना सदस्यले तेस्रो पोखरा अन्तर्राष्ट्रिय माउन्टेन क्रस कन्ट्री च्याम्पियन्सिप (५० किलोमिटर) प्रतियोगितामा पहिलोपटक भाग लिएर उत्साहजनक खेल प्रदर्शन गर्न सफल भएका छन् ।

६८ वर्षीय कृष्णप्रसाद आचार्य, ६२ वर्षीय पृथ्वी रायमाझी र ५७ वर्षीय बरुण खतिवडा मेचीपुलबाट पहिलो दिन ११८ किलोमिटर दूरी पार गर्गदैं इनरुवा आइपुगेका थिए । दोस्रो दिन ११५ किलोमिटर दूरी पार गरी मिर्चैया पुगेर बास बसेको जानकारी प्राप्त भएको छ । भोलि तेस्रो दिन सोमबार चन्द्रनिगाहपुर पुग्ने याजना रहेको साइकलयात्री आचार्यले बताए । चौथो दिन अर्थात सोमबार साँझ हेटौंडा आइपुग्ने अर्का यात्री खतिवडाले जानकारी दिए ।

त्यस्तै चीनको आयोजना र नेपालको समन्वयमा पोखरामा भएको अन्तर्राष्ट्रिय क्रस कन्ट्री प्रतियोगितामा सोसाइटीका सदस्य सीता श्रेष्ठ, हरिराम राई, आसिष थापामगर सहभागी भएर उत्साहजनक खेल प्रदर्शन गरेका थिए । सहभागीलाई थप हौसला प्रदान गर्न सोसाइटीका अध्यक्ष राजु थापामगर, संस्थापक अध्यक्ष चेतनाथ आचार्य, कोषाध्यक्ष लक्ष्मीचरण श्रेष्ठ, सदस्य विकास बानियाँ, राजेश थापामगर, सुजित लामा पोखरास्थित खेल आयोजना भएको स्थानमा उपस्थित भएका थिए । खेलमा पुरुष व्यक्तिगत र महिला व्यक्तिगत बिधातर्फ चाइनाका प्रतियोगी प्रथम हुन सफल भएका थिए भने समूहतर्फ पहिलो, दोस्रो, तेस्रो, चौथो लगातार टप टेनसम्म नेपाली प्रतियोगीले उत्कृष्ट खेल प्रदर्शन गरेका थिए ।

**ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?**

**अब निराश नहुनुहोस्...**

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



☞ अनलाइन फर्म भर्ने सुविधा ।
☞ रोड टेस्ट गराइन्छ ।
☞ दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
☞ लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
☞ गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी ढुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

☞ कार वास भित्र/बाहिर
☞ वायरिङ मर्मत
☞ मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
☞ सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
☞ डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
☞ टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
☞ हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
☞ इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# बिपद् जोखिम: कमजोर पूर्वतयारी

नेपालमा हुने हरेक बिपद्का घटनामा जोखिम न्यूनीकरण गर्ने पूर्वतयारीमा कमजोरी देखिएको छ । गत असोज दोस्रो साताको बाढीपहिरोका कारण ४७ अर्ब बढी क्षति भएको अनुमानित तथ्यांक राष्ट्रिय विपद् जोखिम न्युनीकरण तथा व्यवस्था प्राधिकरणले सार्वजनिक गरेको छ । सबैभन्दा बढी बागमती प्रदेशमा १६१ र कोशीमा १२१ गरी कूल ३१६ विपद्का घटना भएका छन् । मधेश, लुम्बिनी, गण्डकी र कर्णाली प्रदेशमा क्रमश: १५, ११, ५ र ३ वटा घटना छन् । मानवीय क्षतिको आधारमा २३८ जनाको मृत्यु भएको छ भने सबैभन्दा बढी बागमतीमा २०८ र कोशीमा २० जनाको मृत्यु भएको छ । बागमतीका १४ र कोशीका चार गरी १८ जना बेपत्ता छन् । यसबाहेक, १७० जना घाइते भएका थिए, बागमती र कोशी प्रदेशमा क्रमश: १५४ र १३ जना घाइते भए । कुल ५५१ घर ध्वस्त हुनुकासाथै ८५५ घर प्रभावित भए । सबैभन्दा बढी बागमतीमा ४२४ घर भत्किए, ७४३ प्रभावित भए । कोशीमा ११७ घर ध्वस्त भएका छन् भने १११ प्रभावित भए । मधेस, लुम्बिनी र गण्डकीलगायत अन्य प्रदेशमा तुलनात्मकरुपमा कम क्षति भएको छ । कुल १ हजार २८८ पशुधन नष्ट हुँदा सबैभन्दा बढी क्षति बागमतीमा भयो ।

प्रदेशहरुमा कुल अनुमानित ४५ करोड ८० लाख ७१ हजार ५० वित्तीय क्षति थियो । सबैभन्दा बढी कोशी प्रदेशले ४३ करोड ४७ लाख २९ हजार ५० रुपैयाँ र गण्डकी प्रदेशले १ करोड ५३ लाख ६० हजार रुपैयाँ नोक्सानी व्यहोरेका छन् । बागमती प्रदेशको अनुमानित क्षति ४० लाख ६२ हजार रहेको छ भने अन्य प्रदेशमा तुलनात्मकरुपमा कम क्षति भएको छ । प्राधिकरणले भौतिक पूर्वाधार, सामाजिक र उत्पादनशीलक्षेत्र गरी तीन क्षेत्रगत आधारमा तयार पारिएको प्रतिवेदनअनुसार भौतिक पूर्वाधारतर्फ सबैभन्दा बढी ३८ अर्व ९२ करोड ३४ लाख ३५ हजार बरावरको क्षति भएको अनुमानित तथ्यांक छ । भौतिक पूर्वाधारतर्फ पनि सबैभन्दा बढी राजमार्गमा क्षति भएको छ । जसमा ४१ राजमार्गमा क्षति पुगेको छ । जसको मर्मतसम्भार मात्रै २७ अर्ब ९८ करोड रुपैयाँ लाग्ने अनुमान छ । त्यस्तै, २६ हाइड्रोपावर कम्पनीमा ३ अर्ब १ करोड ८० लाख क्षति भएको छ । दूरसञ्चार क्षेत्रतर्फका ४४६ पूर्वाधारमा क्षति हुँदा १५ करोड २३ लाख बराबरको क्षति भएको छ । खानेपानी तथा सरसफाइतर्फ १ हजार ६७८ ओटा संरचनामा ५ अर्ब ९० करोड ६० लाख मूल्य बराबरको क्षति भएको छ । भने पुलपुलेसातर्फ ४४ संरचनामा क्षति पुगेको छ । जसमा १० अर्ब ४२ करोड बराबरको क्षति भएको छ । सामाजिक क्षेत्रतर्फ कुल १६ हजार २४३ व्यक्तिहरु प्रभावित भएका छन् । ५ हजार ९९६ घर ध्वस्त भएभने १३ हजार ४५ घरमा आंशिक क्षति भएको छ । विनाशले १० हजार ८०७ परिवारलाई विस्थापित गरेको छ । स्वास्थ्यक्षेत्रमा ६ ओटा पूर्णरुपमा नष्ट भएका छन् भने ४३ वटा स्वास्थ्य संस्था आंशिकरुपमा नष्ट भएका छन् । ६ ओटा विद्यालय पूर्णरुपमा ध्वस्त भएका छन् भने १३६ वटा विद्यालय आंशिकरुपमा क्षतिग्रस्त भएका छन् । जसले गर्दा बालबालिकाको शिक्षामा थप बाधा पुगेको प्रतिवेदनमा उल्लेख छ ।

विपद्मा धादिङ, काभ्रे र ललितपुरमा सबैभन्दा बढी २४९ जनाको मृत्यु भएको छ भने १७८ जना घाइते भएका थिए । भने १८ जना वेपत्ता भएका र १७० भन्दा बढी व्यक्तिको उद्दार गरिएको थियो । उद्दारका लागि १४ हजार ८०० भन्दा बढी प्रहरी प्रभावित क्षेत्रमा तैनाथ गरिएका थिए । उत्पादनशील क्षेत्रतर्फ कृषि र पशुपन्छीमा ठूलो नोक्सानी ब्यहोर्नु परेको छ । प्रकोपबाट सञ्चयी आर्थिक क्षति कुल ७ अर्ब १५ करोड रुपैयाँ छ । प्रतिवेदनअनुसार २६ हजार ६ सय ९८ पशुचौपायासमेत ६५ हजार ३ सय ८० हेक्टर खेतीयोग्य जमिन प्रभावित भएका छन् । यसबाट ५ अर्ब ८८ करोड २८ लाख १२ हजार ५ सय रुपैयाँ बराबरको आर्थिक क्षति भएको अनुमान गरिएको छ । कृषिमा परेको यो प्रभावले खाद्यसुरक्षा र भूमि र पशुधनमा निर्भर किसानलाई खतरामा पार्ने प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनमा सरकारले गर्नुपर्ने पूर्वकार्य तथा विपद्पछिको व्यवस्थापनमा ११ बुँदे सुझाव दिएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६११९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ कात्तिक २७ गते मंगलबार १२ नोभेम्बर २०२४ । एकादशी, कात्तिक शुक्लपक्ष । कछलाथ्व ११४५ ने.सं. । सूर्योदय ६:२३, सूर्यास्त ५:११ । हरिबोधिनी एकादशी व्रत भीष्मपञ्चक शूरु । तुलसी विवाह ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : मनोकांक्षा सिद्धि हुनेछ | तुला | : वस्त्र-भोजन प्राप्त हुनेछ |
| वृष | : गरेको कार्यमा सफलता मिल्नेछ | वृश्चिक | : योजना कार्यान्वयन हुनेछ |
| मिथुन | : नयाँ कार्ययोजना बन्नेछ | धनु | : व्यापार राम्रो चल्नेछ |
| कर्कट | : आकस्मिक लाभ हुनेछ | मकर | : मीठो खाने अवसर मिल्नेछ |
| सिंह | : राम्रो अवसर गुम्नेछ | कुम्भ | : घर परिवारमा मेलमिलाप हुनेछ |
| कन्या | : खर्च र दु:ख बढ्नेछ | मीन | : मनमा शङ्का बढ्नेछ |

# राष्ट्रिय योजना आयोगको सबलीकरण कि खारेजी ?



✍मीनबहादुर शाही

जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादवले निरन्तर उठाइरहने एउटा विषय हो- राष्ट्रिय योजना आयोगको खारेजी । उनी सरकारमा हुँदा पनि आयोग स्वयंले आयोजना गरेका बैठकहरूमा यही विषय उठाइरहन्थे । सन् २०१९ को सेप्टेम्बरमा उनीसँग न्युयोर्कमा संयुक्त राष्ट्रसंघको महासभामा भाग लिने क्रममा भेट भएको थियो । संयुक्त राष्ट्रसंघका लागि आवासीय नेपाली प्रतिनिधि अमृतकुमार राई (हाल: सहसचिव परराष्ट्र मन्त्रालय) ले उनकै निवासमा रात्रिकालीन भोजको आयोजना गरेका थिए । राष्ट्रिय योजना आयोगको सदस्यका रूपमा मैले पनि सहभागी हुने अवसर प्राप्त गरेको थिएँ ।

बाँकी अरू सदस्य पनि हुनुहुन्थ्यो । परराष्ट्र मन्त्री प्रदीपकुमार ज्ञवाली, वन तथा वातावरण मन्त्री शक्तिबहादुर बस्नेत लगायत सरकारका अरू वरिष्ठ अधिकारीहरूको बाक्लै उपस्थिति थियो । योजना आयोगका सदस्य देख्ने बित्तिकै अध्यक्ष उपेन्द्र यादवले भनिहाल्नुभयो- आयोग खारेज गर्नुपर्छ ।

मैले सोधें, 'किन?'

'काम छैन, भारतमा पनि योजना आयोग खारेज गरेको छ', उनले भने ।

'हो र ?' मैले केवल प्रतिप्रश्न गरें, 'खारेज गरेको हो कि सबलीकरण, बुझ्ने कोसिस गर्नुभएको छ माननीय मन्त्रीज्यू ?'

उनले यसपछि छलफलमा सहभागी हुने रूचि देखाएनन् । भारत सरकारले खासगरी नरेन्द्र मोदीको उदयपछि राष्ट्रिय योजना आयोगको नाम परिवर्तन गरेर नेशनल इन्स्टिच्युट फर ट्रान्सफर्मिङ इन्डिया अर्थात् नीति आयोगमा रूपान्तरण गरेर शक्तिशाली राष्ट्रिय संस्थाको रूपमा सबलीकृत गर्दै कामका दायराहरूलाई अझ फराकिलो बनाएको थियो । योसँगै त्यसको प्रभावकारितामा वृद्धि हुँदै आएको कुरा भारतभित्र र बाहिरका राजनीतिक तथा नीतिगत मञ्चहरूमा देखिंदै आएको छ ।

विश्वको दोस्रो ठूलो अर्थतन्त्र भएको मुलुक चीनले नेशनल डेभलपमेन्ट एण्ड रिफर्म कमिशनको सबलीकरणमा प्राथमिकता दिएको छ । यसले आफ्नो अधिकार क्षेत्रभित्र रहेर राष्ट्रिय अर्थतन्त्र, एकीकृत पूर्वाधार तथा सामाजिक-आर्थिक विकासका आयामलाई परिणाममुखी बनाउने लक्ष्य निर्धारण गरेर केन्द्रीय सरकारका नीति र निर्णयहरूसँग अनुकूल हुने गरी प्रत्येक पाँच वर्षका लागि रणनीतिक योजनाको निर्माण, कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन, सबै तहका विकास योजना र रणनीतिहरूको सूक्ष्म अध्ययन गरी राष्ट्रिय प्रणालीहरूको सुधार र पुनरावलोकन गर्ने शक्तिशाली अभ्यास गर्दै आएको छ ।

चीनको वर्तमान विकासको गति र परिणामका बारेमा लेखिराख्नुपर्छ जस्तो लाग्दैन । कम विकसित मुलुकहरूका लागि योजनाबद्ध विकासको रोडम्यापलाई व्यवस्थित र भरपर्दो बनाउन जरूरी छ । केही वर्ष अघिसम्म गरिबीको पर्याय बन्ने गरेको मुलुक इथियोपियाले योजना तथा विकास मन्त्रालय नै गठन गरेर राष्ट्रिय दृष्टिकोण योजनाका आधारमा इथियोपियाको दिगो विकास र सामाजिक-आर्थिक रूपान्तरणलाई आकार दिने कार्य गर्छ । यसैलाई विकासको मूल मार्गदर्शक मानेर मुलुकका बाँकी राष्ट्रिय संस्थाहरूले आफ्ना रणनीति र योजना तय गर्ने गर्छन् ।

दक्षिणएशियाको अर्को मुलुक बंगलादेशमा योजना मन्त्रालय नै गठन गरिएको छ र यसै अन्तर्गत योजना आयोगलाई सक्रिय पारिएको छ । मूलत: नेपाल जस्तो कमविकसित मुलुकहरूका लागि योजनाबद्ध रूपमा एकीकृत रणनीतिक विकास नीतिको मार्गचित्र निर्धारण गरेर अगाडि बढ्नु आवश्यकता हुन जान्छ । यति कुरा भन्नुको तात्पर्य नेपालमा राष्ट्रिय योजना आयोगलाई सबलीकरण गर्ने कि खारेज गर्ने भन्ने बहसको सुरूवात भएको छ । जसले सकारात्मक निष्कर्ष निस्कनेमा विश्वास गर्न सकिन्छ ।

समुन्नत, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्र सहितको समान अवसर, स्वस्थ, शिक्षित, मर्यादित र उच्च जीवनस्तर भएका सुखी नागरिक बसोबास गर्ने दीर्घकालीन सोचको निर्धारण गरेर 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय लक्ष्य हासिल गर्न समृद्धितर्फ ४ र सुखी नेपालीतर्फ ६ लक्ष्यहरू तय गरिएको छ ।

राष्ट्रिय सोचको मार्गचित्रमा २१०० सालसम्म पुग्दा प्रति व्यक्ति आय १२ हजार १०० डलर पुऱ्याउने, यसको प्रभावकारिताका लागि ८ वटा राष्ट्रिय रणनीति, समग्र सामाजिक-आर्थिक क्षेत्रको रूपान्तरणका प्रमुख संवाहकको पहिचान गरी त्यसमा ९ वटा क्षेत्रलाई प्राथमिकता दिइएको छ । साथै, यसका केही सहयोगी क्षेत्रहरूको समेत पहिचान गरी मुलुकको विकासका लागि स्पष्ट र दीर्घकालीन सोच सहितको मार्गचित्र तय गरेको पनि योजनाको कार्यान्वयनमा जटिल प्रश्नहरू उब्जिएका छन् । त्यसपछि बनेको सोह्रौं योजना अमूर्त दस्तावेजको प्रस्तुति मात्रै हो भन्ने मेरो तर्क अहिले पनि यथावत् छ । यसमा व्यापक छलफल गर्न सकिन्छ । यसरी तय गरिएका सुस्पष्ट दीर्घकालीन विकासका सोच र मार्गचित्रलाई सरकार, राष्ट्रिय राजनीति र सरोकारवालाले ध्यान पुऱ्याउन नसकेको भन्दा अत्युक्ति हुन जाने छैन । यस प्रकारको राष्ट्रिय योजनाको खाका अहिले भएका संरचनाहरूमध्ये उपयुक्त, व्यावसायिक र भरपर्दो राष्ट्रिय संस्था राष्ट्रिय योजना आयोग हो भन्दा मलाई गर्वको अनुभूति नै हुन्छ ।

हाम्रो जस्तो कमविकसित मुलुकका लागि अर्को व्यवस्था नभएसम्म राष्ट्रिय योजना आयोगको खारेजी होइन, सबलीकरण गर्नु आजको आवश्यकता भएको छ । यसका केही आधार र तथ्यहरू छन् । यसको सबलीकरण किन गर्नुपर्छ त ?

**वित्तीय अनुशासन कायम गर्न**

जनार्दन शर्मा अर्थमन्त्री हुँदा 'तार मुसाले काटेर' कर प्रणालीमा प्रभाव पार्ने घटना घट्यो । तर, यो किन र कसका लागि भएको थियो भन्ने प्रश्नमा अहिलेसम्म नेपाली जनताले स्पष्ट उत्तर पाउन सकेका छैनन् । यो घटना वित्तीय अनुशासनको चरम उल्लंघनको उदाहरण हो । मुलुकमा बढ्दो वित्तीय अनुशासनको उल्लंघनलाई नियन्त्रण गर्न राष्ट्रिय योजना आयोगको प्रभावकारिता बढाउनु अत्यावश्यक छ ।

आर्थिक व्यवस्थापन र कार्यान्वयनलाई सन्तुलित र उपलब्धिमूलक बनाउन यसलाई एक जिम्मेवार निकायका रूपमा थप सशक्त बनाउनुपर्छ । यसले सामाजिक-आर्थिक स्थिरता र आर्थिक वृद्धिलाई सुनिश्चित गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्छ । वित्तीय अनुशासनले देशको आर्थिक स्थिति स्थिर राख्न, अनुत्पादक क्षेत्रको दायित्व घटाउन र राजस्व वृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउँछ । सरकारका निर्धारित लक्ष्यहरू प्राप्त गर्न वित्तीय अनुशासन कायम राख्न अपरिहार्य हुन्छ । यसले नागरिकको जीवनस्तर सुधारका लागि उपलब्ध साधन-स्रोतहरूको उपयुक्त र रणनीतिक प्रयोगलाई सार्थक बनाउन सहयोग गर्दछ । दीर्घकालीन सोच र राष्ट्रिय लक्ष्यहरू हासिल गर्न वित्तीय अनुशासनको आवश्यकता हुन्छ । यस विना दीर्घकालीन आर्थिक वृद्धि हासिल गर्न कठिन हुन्छ ।

वित्तीय अनुशासन कायम राख्न सार्वजनिक खर्चहरूको मूल्यांकन गर्दै सुधार गर्न जरूरी छ । अनावश्यक वा कम प्रभावकारी परियोजनाहरूलाई बन्द गरेर स्रोतहरूको पुन: वितरण गर्ने कुरामा ढिला गर्नुहुन्न । यसले सरकारी सेवाहरूको प्रभावकारिता बढाउन मद्दत गर्छ र अनावश्यक खर्चलाई घटाउँछ । वित्तीय अनुशासनलाई कायम राख्न अनुत्पादक परियोजनाहरू रोक्ने उपायहरूको खोजी यसको सबलीकरणबाट हुनसक्छ जसले वित्तीय अनुशासन कायम गर्न सकारात्मक भूमिका खेल्न सक्छन् ।

**विकास सुशासन कायम गर्न**

रघुवीर महासेठ भौतिक पूर्वाधार तथा यातायात मन्त्री रहेका बेला यस मन्त्रालय अन्तर्गत विनियोजन भएको स्रोत र वितरण गरिएका विकास आयोजना दोब्बर गुणाले धनुषामा विशेषगरी उनको निर्वाचन क्षेत्रमा केन्द्रित गरेको आरोप नेपालको संसद्मै उठेको थियो । यसरी मनोमानी गरिएको यस्ता धेरै उदाहरण पाइन्छन् । नीति निर्माणको निर्णायक तहमा बसेर स्रोतको न्यायोचित वितरण र विकास आयोजनाहरूको बाँडफाँटमा असफल हुनु विकास अनुशासनको गम्भीर उल्लंघन र अख्तियारको चरम दुरुपयोग हो ।

यस प्रकारको प्रवृत्तिलाई कसले र कसरी रोक्ने ? नेपालको प्रशासनिक संयन्त्रले शक्ति सन्तुलनको सिद्धान्त अनुसार जिम्मेवारी बहन गरेको भए थोरै भए पनि आश गर्न सकिन्थ्यो । तर, राजनीतिक छत्रछायाँमा थिलथिलो भएको नोकरशाही तन्त्र भने शक्तिकेन्द्रहरूको विश्वास जित्न प्रतिस्पर्धा गर्नमै केन्द्रित छ । त्यसैले यसबाट धेरै आशा गर्ने ठाउँ छैन । विकासका लागि स्पष्ट, यथार्थपरक र समय सीमा सहितका लक्ष्य र सूचकहरू निर्धारण गरी राष्ट्रिय मार्गचित्र बनाउन आवश्यक छ । यसले मुलुक कहाँ पुग्ने? कहिलेसम्म पुग्ने ? कसरी पुग्ने? कुन निकायले के काम गर्ने भन्ने कुरा स्पष्ट पार्छ । यसका लागि विकास अनुशासनको दायरामा सबै तहका नीति निर्माणकर्ता र अधिकारीहरूलाई बाँध्न अत्यावश्यक भइसकेको छ जसले बढ्दो विकास अनुशासनहीनतालाई रोक्न सहयोग पुऱ्याउनेछ ।

राष्ट्रिय आयोजनाहरूको प्राथमिकता निर्धारण गरी स्रोत पहिचान गरेर कुन काम पहिले गर्ने ? कुन पछि गर्ने ? कति समय र स्रोत खर्च गर्ने भन्ने स्पष्ट योजना सहित छनोट प्रक्रिया अगाडि बढाउनुपर्छ । यसले आयोजनाको कार्यान्वयन, समय सीमाको व्यवस्थापन, परिणाममुखी अनुगमन, जिम्मेवारी र पारदर्शिता, सुधार र परिवर्तनलाई सँगसँगै अघि बढाउन सहयोग पुऱ्याउँछ । विकास अनुशासन आर्थिक वृद्धि र सुशासनको एक महत्वपूर्ण हिस्सा हो । यी उपायहरूलाई कार्यान्वयन गर्दा विकासका लागि अनुशासन कायम राख्न सजिलो र सफलतामा पुग्न सहयोग पुग्नेछ ।

**बढ्दो असमानता कम गर्न**

गैरसरकारी क्षेत्रबाट गरिएको अध्ययन अनुसार नेपालमा १० प्रतिशत धनी वर्गको आय ४० प्रतिशत गरिब नेपालीको आयभन्दा ३ प्रतिशत बढी छ । स्वास्थ्य, शिक्षा र जीवनस्तरमा आधारित बहुआयामिक गरिबीका मुख्य आयामहरूका आधारमा ४० प्रतिशतभन्दा बढी जनसंख्या बहुआयामिक गरिबीको चपेटामा छन् । शहरी र ग्रामीण क्षेत्रको असमानता पनि अत्यधिक छ । शहरमा बहुआयामिक गरिबी १२.३ प्रतिशत रहेकोमा ग्रामीण क्षेत्रमा यो २८ प्रतिशतभन्दा बढी छ । मानव विकास सूचकांकमा देखिएको असमानताले समस्या थप तीव्र गतिमा बढिरहेको तथ्यलाई उजागर गरेको छ ।

लैंगिक असमानताको सन्दर्भमा प्रजनन् स्वास्थ्य, सशक्तीकरण र आर्थिक गतिविधिमा आधारित मापनले पर्वतीय क्षेत्रमा ०.५५७, तराईमा ०.४७६, र पहाडमा ०.४७५ सूचकांक देखाएको छ । त्यस्तै प्रतिव्यक्ति आयमा देखिएको भिन्नताले गम्भीर प्रश्न उठाएको छ जहाँ बागमती प्रदेशको प्रतिव्यक्ति आय २,४३० अमेरिकी डलर छ भने कर्णालीमा केवल ९६४ डलर छ । सार्वजनिक सेवा प्रवाह, पूर्वाधार विकास, सुरक्षित र भर पर्दो यातायात, ऊर्जा आपूर्ति र वित्तीय पहुँच जस्ता क्षेत्रमा पनि असमानता अत्यन्तै उच्च छ । यस प्रकारको असमानता घटाउन समावेशी नीति, समान अवसरको सुनिश्चितता र सार्वजनिक सेवामा सहज पहुँच आवश्यक छ । राज्यको प्रमुख जिम्मेवारी भनेको समाजका सबै वर्गलाई न्यायोचित अवसर प्रदान गरी समग्र विकासलाई गति दिनु हो ।

सही नीति र कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनले असमानता घटाउन र समाजमा आर्थिक तथा सामाजिक सन्तुलन ल्याउन सहयोग पुऱ्याउँछ । दिगो विकासका लागि असमानता घटाउँदै समतामूलक समाज निर्माणमा सबै क्षेत्रको सहकार्य अपरिहार्य छ । बढ्दो असमानता कुनै पनि समाजको समृद्धि, स्थायित्व र सामाजिक न्यायका लागि गम्भीर चुनौती हो । यसले समाजमा गरिबी, सामाजिक असन्तोष र अपराधको दर बढाउने खतरा र हन्छ । तसर्थ असमानता घटाउन प्रगतिशील र प्रभावकारी नीतिहरू लागू गर्नु आजको आवश्यकता हो

**संघीय विकास प्रणालीलाई प्रभावकारी बनाउन**

संघीय गणतन्त्रात्मक लोकतान्त्रिक शासन प्रणालीले तीन तहको सरकारको संरचना अनुसार ७६१ सरकार सक्रिय छन् । संघीय विकास प्रणालीलाई प्रभावकारी र भरपर्दो बनाउनका लागि केन्द्र, प्रदेश र स्थानीय तहबीच स्पष्ट नतिजामुखी योजना र सूचकहरू निर्धारण गरी प्रतिफलमुखी समन्वय, सहकार्य र साझेदारी आवश्यक छ । यसका लागि अधिकार र जिम्मेवारीको स्पष्ट बाँडफाँट, संघीय, प्रादेशिक र स्थानीय तहमा वित्तीय व्यवस्थामा सुधार, व्यावसायिक र दक्ष जनशक्तिको क्षमता विकास तथा प्रभावकारी परिचालन, आवश्यकता र प्राथमिकतामा आधारित विकास योजनाको छनोट, पारदर्शिता र जवाफदेहिता प्रवर्धन, उपलब्ध स्रोतहरूको परिचालन र संरक्षण, समान र न्यायोचित स्रोत वितरणको नीति तथा सार्वजनिक सेवा र पूर्वाधार विकासमा सुधार अपरिहार्य छ ।

यस्ता सुधारहरूले संघीय शासन प्रणालीलाई स्थायित्व प्रदान गर्न तथा सर्वसाधारणका लागि सेवा प्रभावकारी र पहुँचयोग्य बनाउन योगदान पुऱ्याउने अपेक्षा राख्न सकिन्छ । हाल भइरहेका अभ्यासहरूमा व्यापक रूपान्तरण र सुधारको खाँचो रहेको विगतका अनुभवहरूले देखाइसकेका छन् ।

अन्त्यमा, २१०० सालसम्म उच्च आय भएको मुलुकमा पुऱ्याएर 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्न वर्तमान विकास अभ्यास, स्रोतको बाँडफाँटमा पहुँच प्राप्त वर्गको वर्चस्व, तजबिजीमा आयोजनाहरूको छनोट, कार्यान्वयनमा देखिएको कमजोरी, खलबलिंदो वित्तीय अनुशासन, अस्तव्यस्त विकास नीति र डरलाग्दो गरी बढ्दै गएको असमानतालाई सूक्ष्म ढंगले समीक्षा गर्नु आवश्यक छ ।

साथै, तीनै तहका सरकारहरूलाई विकासका गतिविधिहरू विधि, प्रक्रिया र पद्धति अनुसार सञ्चालन गर्न राष्ट्रिय योजना आयोगलाई थप अधिकारसम्पन्न, विशेषत: विकासका काममा नीति निर्माण गर्ने, निर्देशन दिने र नतिजा खाकामा रहेर प्रभावकारी अनुगमन तथा मूल्याङ्कन गर्ने राष्ट्रिय नीति आयोगको रूपमा सबलीकृत गर्दै लैजानु आवश्यक छ । सात दशक लामो ऐतिहासिक पृष्ठभूमि बोकेको यस राष्ट्रिय संस्थाको हठात् खारेजीले तत्काल प्रभावकारी विकल्पहरूको स्थापना र व्यवस्थित सञ्चालन सम्भव देखिंदैन ।

*(साभार: अनलाइनखबर)*

# आमाको थैलीमा सुरक्षित खुशी

✍ चिरञ्जीवी मास्के

प्रकृतिको वितण्डाले तिहारलाई खासै असर नगरे पनि दशैंलाई भने बिस्मात् उपहार छोडेर गयो । दशैंको मेसो पहिल्याउँदै गर्दा कतिले घरभित्रै पुरिएर ज्यान फाले, अनि कतिले सवारी यात्रामा जाम खुल्ने प्रतीक्षा लामो भएपछि सुस्ताउँदै गर्दा सवारीसाधनभित्रै देहत्याग गरे । प्राकृतिक प्रकोपमा विनाशको शृंखला बढ्दै जाँदा धेरैले वर्षात र भूबनोटलाई धारेहात लगाएको देखिन्छ । तर यो न्यायोचित कुरा हैन । खोला थुनेर भौतिक संरचना निर्माण गर्ने, आधुनिकताको नाममा परम्परागत विधिलाई नामेट गर्ने, वन विनाश र कङ्क्रिट शहर निर्माणमा अग्रसर हुनेजस्ता लापरबाहीको हदपार निरन्तरताको परिणाम हो भन्न किञ्चित सङ्कोच मान्नुपर्ने अवस्था छैन ।

असार, साउन, भदौतिर पानी पर्ने कुरा प्राकृतिक हो । तर त्यसको मात्रा प्राकृतिक दोहनपछि उत्पन्न जलवायु परिवर्तनको असरले निर्धारण गर्न थालेको छ । कहिले अति वर्षा हुने, कहिले सुख्खा लाग्ने, हिमाल काला हुँदै जाने, कृषि उत्पादन हाइजनिक हैन हानिकारक बन्दै जानेजस्ता समस्या जलवायु परिवर्तनको परिणाम हो । र, जलवायु परिवर्तन मानिसहरुको हदपार निरन्तरताको उपज । प्रत्येक दशैंमा म मेरी आमाको धुमिल मुहार परिकल्पना गर्छु । क्षितिजपारि गौरीशङ्कर हिमशृंखलाको चेपबाट छरिएका प्रकाशका किरणहरुलाई बादलुले छाया पारेर मैलो बनाएजस्तै मेरो खुशीको चिन्तामा मेरी आमाको मुहार धुमिल भएको तर्कना मनभित्र कुदिरहन्छ ।

दशैं शुरुवातसँगै मेरी आमा, कष्टसँग जोहो गरेर थैलीमा सुरक्षित राखेको पैसा निकालेर मेरो खुशी किन्न कपडा पसल र टेलरतिर दौडिएको पल कतै अलमलिएको मेरो दैनिकीसँग अहिले पनि हातेमालो गरिरहेको जस्तो लाग्छ । कर्तव्यको संस्कार र समस्याको पहाडले अँचेटिएको यो समय मेरा लागि आमाको स्नेही दरिलो हात कति भरोसायोग्य हुने थियो । रोगैरोगले थलाएर मेरी आमालाई लैजाने अपराधी यमराजलाई मेरो सरापले कहिल्यै फरक पारेको देखिन । चित्रगुप्तको लेखाजोखामा यमराजले यो दशैंमा समेत सयौंका खुशीहरुलाई झ्याप्ले खोला, रोशी खोलालगायतका ठाउँमा पुर्दै र बगाउँदै लगिदिएको छ । मैले मेरी आमाको अभावमा यमराजलाई सरापेको थिएँ, उसले त मजस्तो सयौंको अभिभावक र परिवार खोसिरहेको छ ।

आमाको स्मृतिसँग प्रकृतिको काखमा रमाएको धेरै अतीत गुजुल्टिएको छ मेरो मानसपटलमा । चरिकोटको बतासे डाँडामा चोथ्रो र घँगारुको पोथ्रामा रमाउँदै गौरीशङ्कर हिमशृंखलाको सेताम्य हिउँका थुप्राहरुले लोभ्याउने दृश्यलाई अहिले कङ्क्रिटका बडेमानका बिल्डिङहरुले छेलिदिएको देख्दा कताकता आँतिस लाग्छ । कोटिहोमको दायाँ हुँदै बगेको खोलामा पौडिएर बडेमानको ढुङ्गामा पल्टिँदै दिनभरि पारिलो घाममा रमाएको सम्झना खोलै थुनेर बनेको घरले भताभुङ्ग बनाइदिएको छ ।

कुनै दिन प्रकृति रिसाएर खोलाले आफ्नो ठाउँ खोज्यो भने के होला हालत ? चित्रगुप्तको निर्देशन पालना गर्न यमराजलाई यो उपयुक्त बहाना बन्दैन र ! अनि फेरि हामी प्रकृतिलाई नै दोष दिइरहेका हुन्छौं । कङ्क्रिट र अप्राकृतिक दोहनले बढ्दै गएको जलवायु परिर्वतनको कारण आकाशको गर्जन र पानीको भेललाई थेग्न खोलाले आफ्नो बाटो खोज्नु कहाँ अपराध हुन्छ ? यसमा प्रकृतिको दोष कसरी हुन्छ ? आफ्नो अपराध लुकाउन प्रकृतिलाई सत्तोसराप गर्ने मानिसको स्वभाव कतैबाट पनि स्वाभाविक लाग्दैन ।

ऊ बेला आमाले चोथ्रो र घँगारुले बारेको बारीमा उमारेको लसुन, प्याज, रायोको साग, केराउ, डल्ले खुर्सानी कति स्वादिला हुन्थे । मौसमअनुसार हुने विभिन्न तरकारी र अन्नबालीका लागि बाख्रा-कुखुराको थुपारिएको कम्पोस्ट मल फिजाउँदै बारीको झ्यास पोल्ने बेला हामी केटाकेटी रमाएर माटोमा लडिबुडी गर्थ्यौं । अस्ताउँदो सूर्यको घुर्मैलो उज्यालोमा कपडाभरि माटो दलेर कान्ला उफ्रँदै रमाउनुको मजा नै छुट्टै थियो ।

फुस्रो अनुहार र फोहोर लुगासँग बिच्छ्यौनामा लम्कने पाइलालाई आमाको चड्कन र गालीले रोकिदिँदा पनि पीडा हैन खुशीसँग धड्कन्थ्यो मुटुको चाल । अनवरत मनका चाहनाले उछालिरहने छालहरु आमाको त्यही स्नेही चड्कनसम्म पुग्न उद्वेलित छन् अहिले पनि । अब त काँडेतारको बार र युरिया मलको गन्धले बारीका पाटातिर टेक्नै नसकिने हुन्छ । अनि त्यस्तो विषादी युरिया मल प्रयोग भएको तरकारीको न स्वाद हुन्छ, न स्वास्थ्यलाई नै राम्रो गर्छ । विभिन्न विषादीको कारण माटोको उर्वर क्षमता ह्रास हुने क्रम एकातिर बढ्दै छ, अर्कोतर्फ आकाशको पानीलाई जमिनले उपयुक्त मात्रामा सोस्न नसकेपछि अति वृष्टि र अनावृष्टिको समस्या पनि बढ्दै गएको छ । चरिकोटमा पुस-माघमा फुसफुसाउने हिउँका अल्लारे छिर्काहरुले बाटो मोडेका छन् । अब चरिकोटमा यस्ता छिर्काहरु देखिन छोडेका छन् । आकल्लझुक्कल केही वर्षको अन्तरालमा आउने त्यस्ता छिर्का पनि चैत्र-वैशाखतिर पो बर्सन्छ ! ऊ बेला पुस-माघमा बर्सने हिउँका छिर्काहरु र शीतका सेताम्य लहर तरकारी तथा अन्नबालीको लागि वरदान थियो । अब चैत्र-वैशाखतिर बर्सने तिनै हिउँका छिर्का कृषकलाई अभिशाप बन्ने गरेको छ ।

तरङ्गित स्मृतिका पलहरु कति सुखद ! जब दशैं आउँथ्यो घरमा मामा, माइजु, दाजुलगायत परिवारका धेरै सदस्यको आगमन हुन्थ्यो । मुलाको सागसँग भुटेको मकै टोक्दै घरको आँगनमा बसेर वर्षभरिका परिघटनासँग सरोकार राख्ने विषयमा बात मार्दा कम्ता र माइलो हुँदैनथ्यो । अनि आफन्तसँग रमाइलो गर्दै जुटपत्ती खेल्ने मेसोमा घरका केटाकेटीले सुटुक्क पैसा लगेको र जिताउरी लिन खेल स्थलमै धर्ना दिएको सम्झनाले अहिले पनि रक्तसञ्चारलाई तेज गरिदिन्छ ।

*क्रमश: पृष्ठ-३....*

# कार्यालयदेखि कम्प्युटरसम्म पर्खिरहेको साइबर सुरक्षा केन्द्र

काठमाडौं/साइबर सुरक्षासँग सम्बन्धित विषयमा अनुसन्धान, नीति निर्माण, कार्यान्वयन र अनुगमन गर्न १० महिनाअघि स्थापित राष्ट्रिय साइबर सुरक्षा केन्द्रसँग अहिलेसम्म आवश्यक कम्प्युटर र उपकरण नै छैन । १० माघ २०८० को मन्त्रिपरिषद बैठकले केन्द्र स्थापना गर्ने निर्णय गरेको ४ महिनापछि गत जेठमा उपसचिव राजकुमार महर्जनलाई निर्देशक तोक्दै राष्ट्रिय साइबर सुरक्षा केन्द्रले संस्थागत स्वरुप पाएको थियो ।




तर, यति महत्वपूर्ण र सम्वेदनशील केन्द्रले भनेजस्तो कार्यालय भवन नै पाएन, अहिले यो केन्द्र सिंहदरबारस्थित पुरानो गृह मन्त्रालय रहेको भवनमा कसुरजन्य सम्पत्ति व्यवस्थापन विभागभन्दा माथिल्लो तल्लामा छ । तर, गोपनीयताका साथ काम गर्नुपर्ने केन्द्रका लागि सो कार्यालय सानो र साँघुरो मात्रै छैन, कार्यालय प्रकृतिअनुसार अनुचित पनि छ ।

यसले गर्दा कर्मचारीहरु केन्द्रले गर्नुपर्ने मूलभूत काममा प्रवेश गर्न पाएका छैनन् । अझै केन्द्रमा अत्यावश्यक साइबर सेक्युरिटी मनिटरिङ एन्ड कन्ट्रोल (सेक्युरिटी अपरेसन सेन्टर) रुम नै तयार भएको छैन । त्यसका लागि आवश्यक प्रविधि (सफ्टवेयर तथा हार्डवेयर) पनि खरिद भइसकेको छैन । केन्द्रले सिंहदरबारभित्र उचित कार्यालय भवन खोजेको थियो । तर, सरकारी निकाय र जिम्मेवार अधिकारीहरुले केन्द्रलाई भवन दिन मानेका छैनन् ।

'केन्द्र स्थापनाका क्रममा कार्यालयका लागि अरु सरकारी कार्यालयमा प्रयोगमा नरहेका टेबल खोजेर ल्याइएको थियो, मन्त्रालयबाटै पुराना डेस्कटक र ल्यापटप ल्याइएको थियो, ठाउँ-ठाउँबाट सरसामग्री जोडजाड गरेर कार्यालय खोलिएको हो', एक अधिकारीले भने । केन्द्रका लागि उच्च क्षमतायुक्त कम्प्युटर र ल्यापटपहरु समेत खरिद हुन नसकेको ती अधिकारीले बताए ।

केन्द्रले अहिले २० वटा कम्प्युटर किन्न लागेको छ, तर कार्यालय साँघुरो भएकाले ती कम्प्युटर ल्याए पनि तत्कालै राख्न नसकिने अधिकारीहरु बताउँछन् । केन्द्रले यो वर्ष झण्डै डेढ करोड पूँजीगत र साढे ३ करोड चालु बजेट पाएको छ । केन्द्रले ल्यापटप, कम्प्युटर र गाडी किन्न टेन्डर गरि सकेको महानिर्देशक तथा सञ्चार मन्त्रालयका सहसचिव अनिलकुमार दत्तले बताए । 'त्यहाँ निर्देशकसहित ४ जना कम्प्युटर इन्जिनियरहरुले काम थालिसक्नुभएको छ, केन्द्रका लागि आवश्यक कम्प्युटरसहितको उपकरण खरिद हुँदैछ', उनले भने, 'कार्यालय भवनका लागि संसद सचिवालयसँग कुरा भएको छ, सकारात्मक जवाफ आएको छ ।' सिंहदरबारबाहिर केन्द्र राख्न खोजिए पनि सूचना संवेदनशीलता र गोपनीयताको हिसाबले भित्रनै राख्नुपर्ने निष्कर्ष निकालेर कार्यालयको खोजी गरिएको उनले बताए ।

केन्द्रले दरबन्दी अनुसार ५ जना कम्प्युटर अधिकृत अझै पाएको छैन । कार्यालयको संगठन संरचनामा प्रशासनतर्फको दरबन्दी नै नभएकाले केन्द्रलाई दैनिक प्रशासन सञ्चालनमै सकस छ । कार्यालयको व्यवस्थापन र खरिदसम्बन्धी काम गर्नसमेत प्राविधिक कर्मचारीहरु नै संलग्न भइरहेका छन् । कार्यालयमा साइबर सुरक्षाका विशेषज्ञ कर्मचारीको दरबन्दी पनि छैन ।

मन्त्रालयले जनशक्ति सम्बद्ध समस्या समाधान गर्न पहल सुरु गरेको र केन्द्रको संगठन संरचनामा आवश्यकताअनुसार फेरबदल गर्ने बताएको छ । तर, कहिलेसम्म यो काम हुन्छ भन्ने निश्चित भने छैन । केन्द्रका महानिर्देशक दत्त केन्द्रको आवश्यकताबारे प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमै छलफल भएको बताउँछन् । संस्था नै नयाँ भएकाले व्यवस्थित हुन केही समय लाग्ने भन्दै उनले उपलब्ध स्रोत साधनकै बीचमा केन्द्रले आफ्ना कामहरु थालिसकेको बताए ।

'क्रमैसँग केन्द्रले आफ्ना उद्देश्यअनुसारका सबै काम गर्छ', महानिर्देशक दत्तले भने, 'सुरक्षित साइबर स्पेस खडा गर्न केन्द्रले अहिलेदेखि नै आफ्ना प्रयास सुरु गरिसकेको छ ।' पटक-पटक सरकारी तथा गैरसरकारी संघसंस्थाको प्रणालीमाथि साइबर आक्रमण बढेपछि साइबर सुरक्षा केन्द्र खोल्नुपर्ने माग उठेको थियो । साइबर सुरक्षालाई ध्यानमा राखेर काम नगर्दा सरकारका विभिन्न महत्वपूर्ण र गोप्य तथ्यांक बाहिरिने जोखिम उच्च भएसँगै सरकारले प्रतिरोध गर्ने गरी यो केन्द्रको स्थापना गरेको थियो ।

सरकारले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० ल्याएर नेपालको साइबर स्पेसको सुरक्षा र साइबर सुरक्षाका घटनाहरुको अनुगमन, पूर्वतयारी, रोकथाम, पहिचान र प्रतिकार्य सम्बन्धी काम गर्न केन्द्र स्थापनाको बाटो खोलेको थियो । त्यसअनुसार नेटवर्क एड्मिनिस्ट्रेसन, सेक्युरिटी अपरेसन हेर्ने प्राविधिक अधिकारीको दरबन्दी राखेर केन्द्र खोलिए पनि अहिलेसम्म देखिने गरी काम थालेको छैन ।

नेपालमा विभिन्न अनलाइन तथा सूचनाप्रविधि सम्बद्ध प्रणालीको प्रयोग बढिरहँदा सर्वसाधारणदेखि सार्वजनिक तथा निजी संस्थाहरुसम्म साइबर आक्रमणको जोखिममा छन् । विश्वव्यापी साइबर सुरक्षा सूचकांकमा अहिले नेपालको स्कोर ६९.७६ छ । साइबर सुरक्षा नीति आउनु र केन्द्र स्थापना हुनुभन्दा अघि यस्तो स्कोर ४४.९९ थियो ।

यसरी सरकारले नीतिगत तथा र संस्थागत रुपमै साइबर सुरक्षाका लागि काम थाल्दा नै नेपालको साइबर सुरक्षा सूचनमा ठूलो सुधार आएको छ । अझै केन्द्रले प्रभावकारी ढंगले काम थालेपछि यस्तो सूचकमा धेरै वृद्धि गर्न सकिने अधिकारीहरु बताउँछन् । अहिले र्‍याकिंङको कानुनी व्यवस्था उपसूचकमा नेपालले राम्रो अंक पाएको छ भने प्राविधिक व्यवस्था तथा प्राविधिक सहकार्यमा करिब आधामात्रै अंक पाएको देखिन्छ । संगठनात्मक व्यवस्था र क्षमता विकासमा भने मध्यम अंक पाएको देखिन्छ । केन्द्रले आफ्नो काम, कर्तव्य र अधिकारअनुसार अघि बढेमा कमजोर पक्षमा पनि व्यापक सुधार हुने देखिन्छ । केन्द्रले सुर क्षित साइबर स्पेस निर्माणका लागि कानुनी र संस्थागत व्यवस्था गर्ने, साइबर आक्रमणको जोखिम न्यूनीकरण गर्दै संवेदनशील राष्ट्रिय पूर्वाधार संरक्षण गर्ने उद्देश्य लिएको छ ।

त्यस्तै साइबर स्पेसलाई सुदृढ बनाउन साइबर सुरक्षा क्षेत्रमा जनशक्ति उत्पादन एवं कार्यरत जनशक्तिको क्षमता अभिवृद्धि र साइबर सुरक्षा सम्बन्धी जोखिम न्यूनीकरणका लागि द्विपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय, अनुभव र सहयोग आदानप्रदान गर्ने उद्देश्य बोकेको छ । संवेदनशील पूर्वाधार जोखिम आकलन तथा न्यूनीकरण एवम् घटना प्रतिक्रिया योजनाहरूको निर्माण गरी कार्यान्वयन गर्ने, साइबर सुरक्षा प्रक्रियामा तयारी, संरक्षण, पहिचान, प्रतिक्रिया तथा पुनर्लाभसम्बन्धी कार्ययोजना बनाएर काम गर्ने जिम्मेवारी केन्द्रकै हो ।

राष्ट्रिय साइबर सुरक्षा रणनीतिको लागि प्राविधिक मार्गदर्शन विकास गर्ने, गुणस्तरीय सफ्टवेयर, हार्डवेयर, नेटवर्क डिभाइसको निर्माण, आयात तथा प्रयोगसम्बन्धी मापदण्ड तयार गरी लागू गर्ने लगायत काम पनि केन्द्रकै हो । केन्द्रलाई सफ्टवेयर विकासकर्तालाई सफ्टवेयरको गुणस्तर एवं सुरक्षा सुनिश्चिततामा जिम्मेवार बनाउनेदेखि सफ्टवेयर आपूर्तिकर्तालाई सफ्टवेयरको गुणस्तर एवं सुरक्षाको सुनिश्चितताका लागि जिम्मेवार बनाउनेसम्मका जिम्मेवारी छन् ।

साइबर सुरक्षासम्बन्धी अन्तर्राष्ट्रिय अभ्याससमेतका आधारमा न्यूनतम प्राविधिक मापदण्ड निर्माण गर्ने, साइबर सुरक्षा परीक्षणको मापदण्ड र परीक्षकको योग्यता निर्धारण गर्ने काम पनि केन्द्रको हो । विभिन्न उत्पादन वा सेवाहरूबीच अन्तरसञ्चालन र डाटा आदान-प्रदानलाई सहज बनाउन खुला मापदण्डहरूको प्रयोगलाई प्रोत्साहन गर्ने नीतिको कार्यान्वयन पनि केन्द्रले गर्नुपर्ने छ ।

साइबर सुरक्षासम्बन्धी अनुसन्धान तथा विकास, साइबर सुरक्षा प्रवर्द्धन, जनचेतना अभिवृद्धि गर्ने काम पनि केन्द्रको जिम्मामा छ । साइबर सुरक्षासम्बन्धी तयारी, रोकथाम, पहिचान, प्रतिक्रिया तथा पुनर्लाभ गर्न सम्पर्क निकायको रूपमा काम गर्ने र डिजिटल फरेन्सिक अनुसन्धान पनि केन्द्रले नै गर्ने गरी अधिकार दिइएको छ ।

सरकारी निकायहरूका लागि आवश्यक पर्ने सूचनाप्रविधि प्रणालीको विकास एवं नियमन गर्ने गरी सूचनाप्रविधि विभागको क्षेत्राधिकार विस्तार गर्ने र साइबर सुरक्षा र साइबर अपराध अनुसन्धान सम्बन्धी विद्यमान संस्थाहरूको क्षमता अभिवृद्धिको काम पनि केन्द्रबाट हुनेछ । साइबर आक्रमणहरूबारे सूचना आदानप्रदान गर्न डिजिटल पूर्वाधार विकास तथा राष्ट्रिय आकस्मिक योजना तयार गरी काम गर्नुपर्ने जिम्मेवारी पनि छ ।

नागरिकहरूको अनलाइन पहिचानको सुरक्षा तथा डाटा सुरक्षा सम्बन्धी व्यवस्था गर्ने, व्यक्तिगत वा संस्थागत तथ्यांकहरू संकलन, प्रशोधन, प्रयोग एवं भण्डारण गर्ने निकायहरूमा भएका साइबर आक्रमण तथा प्रयोगकर्ताका डाटा हानीनोक्सानी, तथा चोरीसम्बन्धी सूचना सार्वजनिक गर्न अनिवार्य गर्ने र साइबर सुरक्षासम्बन्धी पूर्वाधारको निर्माण तथा स्तरोन्नति गर्ने काम पनि केन्द्रबाटै हुनेछ ।

साइबर सुरक्षा विकासका सूचकहरूको निर्माण, परीक्षण एवं प्रमाणीकरण तथा सुरक्षा परिपक्वता मापनको नीतिलाई पनि केन्द्रमार्फत कार्यान्वयन गर्ने योजना छ । विद्युतीय माध्यमबाट प्रवाह हुने सेवालाई सुरक्षित र भरपर्दो बनाउने, सरकारी निकायहरूको एप्लिकेसन सफ्टवेयर र इमेलमा विद्युतीय हस्ताक्षर अनिवार्य गर्ने, विद्युतीय माध्यमबाट प्रवाह हुने डाटा सुरक्षित र भरपर्दो बनाउने जिम्मेवारी पनि केन्द्रको छ ।

सार्वजनिक तथा सेवाप्रदायक निकायले प्रयोग गर्ने हार्डवेयर, सफ्टवेयर र नेटवर्कहरूको नियमित सुरक्षण परीक्षण गर्ने व्यवस्था मिलाउनेसहित विश्वसनीय र स्वदेशी सूचना तथा सञ्चारप्रविधि सम्बन्धी उत्पादनहरू खरिद तथा प्रयोगलाई प्रोत्साहित गर्ने काम पनि केन्द्रले गर्ने गरी तोकिएको छ ।

'इथिकल ह्याकिङ'लाई प्रोत्साहन गर्ने, साइबर सुरक्षा सम्बन्धी विषयलाई विद्यालयस्तरको पाठ्यक्रममा समावेश गर्न समन्वय गर्ने, साइबर सुरक्षासम्बन्धी दक्ष जनशक्ति उत्पादन गर्न साइबर सुरक्षाको क्षेत्रमा काम गर्ने संघ-संस्थासँगको सहकार्यमा साइबर सुरक्षा फिनिसिङ स्कुलको व्यवस्था गर्नेसम्म योजनामा केन्द्रले नै काम गर्नुपर्ने छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विश्वविद्यालयहरूसँगको सहकार्यमा साइबर सुरक्षासम्बन्धी दक्ष जनशक्ति उत्पादन, साइबर सुरक्षा सम्बन्धी अध्ययन, अनुसन्धान तथा विकासका लागि विश्वविद्यालयहरुलाई प्रोत्साहित गर्ने, साइबर सुरक्षा क्षेत्रमा कार्यरत सार्वजनिक निकायका जनशक्तिको क्षमता अभिवृद्धिका लागि तालिम दिने र सार्वजनिक सेवामा छुट्टै साइबर सुरक्षा समूह खडा गर्दै सरकारी निकायहरूमा साइबर सुरक्षासँग सम्बन्धित दक्ष जनशक्ति व्यवस्था गर्नेसम्मका कामलाई केन्द्रले अघि बढाउनुपर्नेछ ।

साइबर सुरक्षा अभिवृद्धि, क्षमता अभिवृद्धि, सूचना आदान-प्रदान र पारस्परिक कानुनी सहयोगमा सहजीकरण एवं साइबर अपराध नियन्त्रण गर्न द्विपक्षीय एवं बहुपक्षीय समझदारी गर्ने र साइबर सुरक्षा सम्बन्धी अन्तर्राष्ट्रिय एवं क्षेत्रीय सम्झौताहरूको कार्यान्वयन एवं बाध्यात्मक मापदण्डहरू लागू गर्ने जिम्मा पनि केन्द्रको काँधमा छ ।

इन्टरनेट तथा सामाजिक सञ्जालमा भ्रामक र अनुपयुक्त जानकारी सम्प्रेषण नियन्त्रण गर्ने, अनलाइन उत्पीडन र साइबर बुलिङसहित स्पाम मेसेजहरूको सम्प्रेषणलाई नियमन तथा नियन्त्रण गर्नेसम्मका काममा केन्द्रले भूमिका खेल्नुपर्ने छ । तर, यति महत्वपूर्ण जिम्मेवारीसहित खुलेको अहिलेसम्म केन्द्र कार्यालय भवनको चक्करमा नै रुमल्लिएको छ ।

केन्द्रका अधिकारीहरु भने सरकारले साइबर सुरक्षाको पक्षलाई सम्वेदनशील रुपमा लिएकाले केन्द्रलाई दरिलो बनाउनेमा आशावादी छन् । सरकारले पर्याप्त सहयोग गरेमा केन्द्रले केही समयभित्रै नेपाललाई साइबर सुरक्षामा विश्वस्तरमै सशक्त रुपमा उभ्याउने उनीहरुको अपेक्षा छ ।

*(स्रोत: अनलाइनखबर)*

# फिल्म निर्माणमा फर्किंदै आर्यन, दिनेशले गर्नेछन् निर्देशन



काठमाडौं/अभिनेता आर्यन सिग्देल अभिनयमा मात्र होइन, निर्माणमा पनि सक्रिय छन् । उनले पछिल्लो पटक फिल्म 'कायरा' (२०७५) निर्माण गरेका थिए । यद्यपि, यो फिल्म व्यावसायिक रुपमा सफल हुन सकेन । यसपछि अभिनयमै जोड दिएका उनी फेरि फिल्म निर्माणमा फर्किंदैछन् । यतिबेला स्क्रिप्ट लेखनको काम भइरहेको छ ।

केही दिनअघि आर्यनले इन्स्टाग्राममा स्क्रिप्टका पाना मिलाइरहेको भिडियो सेअर गरेका थिए । नगरकोटमा स्क्रिप्ट लेखनको काम भएको थियो । फिल्मको नाम सार्वजनिक नगरिएको भए पनि आर्यनले निर्देशनको प्रस्ताव दिनेश राउतलाई गरेका छन् । यसअघि उनीहरुबीच 'पूजार सार्की', 'आई एम सरी', 'नोभेम्बर रेन' र 'क्लासिक'मा सहकार्य भइसकेको छ ।

निर्देशक राउतले आफूलाई निर्देशनको प्रस्ताव आएको स्वीकार गरे । उनी निर्देशनका लागि तयार पनि देखिएका छन् । उनले फिल्मीखबरसँग भने, 'मलाई कथा मन परेको छ । कथा मन परेपछि काम गर्न समस्या छैन । तर, मैले वचन दिएका केही प्रोजेक्ट गर्नुपर्नेछ । त्यसपछि आर्यनको फिल्म हुनसक्छ ।' निर्देशक राउत यसै वर्ष नयाँ फिल्म 'गाउँ नै रमाइलो' निर्देशनको तयारीमा छन् । यसपछि उनले आर्यनको फिल्म निर्देशन गर्ने सम्भावना छ ।

आर्यन र दिनेश मिल्ने साथी समेत हुन् । दिनेशले आफ्नो करिअरको पहिलो फिल्म (आई एम सरी) नै आर्यनलाई लिएर बनाएका थिए । 'क्लासिक'पछि भने उनीहरुबीच लामो समय सहकार्य हुन सकेन । एउटा फिल्मलाई लिएर मनमुटाव हुँदा दुवै दुई ध्रुव भएका थिए । तर, 'पूजार सार्की'मा उनीहरुबीच पुन: सहकार्य भयो । अब दिनेशको 'गाउँ नै रमाइलो'मा पनि आर्यन देखिँदैछन् ।

# 'भूल भुलैयाँ ३'को सफलताले विद्यालाई राहत

काठमाडौं/बलिउड अभिनेत्री विद्या बालन लामो समयदेखि फिल्मको असफलतासँग जुध्दै आइरहेकी थिइन् । सन् २०१२ मा आएको फिल्म 'कहानी'पछि उनका लगातार ८ वटा फिल्म असफल भए । सन् २०१९ मा आएको फिल्म 'मिशन मंगल' सफल भए पनि त्यसको जस उनले पाइनन् । गत अप्रिलमा उनको नयाँ फिल्म 'दो और दो प्यार' रिलिज भएको थियो । तर, यो पनि चल्न सकेन ।



१२ वर्षको अन्तरालमा ९ वटा फिल्म फ्लप हुँदा उनको करिअर नै संकटमा परेको थियो । तिहारमा आएको फेन्चाइज फिल्म 'भूल भुलैयाँ ३'ले भने उनलाई ठूलो राहत दिएको छ । यो उनको करिअरकै सर्वाधिक कमाई गर्ने फिल्म समेत बनेको छ । ९ दिनमा १ सय ८० करोडको आँकडा नघाइसकेको फिल्मले दोस्रो हप्ताको अन्त्यसम्म भारतमै २ सय करोडमाथि कमाउने निश्चित प्राय: छ ।

फिल्मको सफलतालाई लिएर विद्या खुसी देखिएकी छन् । 'भूल भुलैयाँ' श्रृंखलामा १७ वर्षपछि जोडिएकी उनी भन्छिन्, '१७ वर्षपछि 'भूल भुलैयाँ'मा फेरि जोडिएर मञ्जुलिकालाई जीवित गर्न पाउँला भनेर मैले सोचेकै थिइनँ । फिल्मले राम्रो प्रदर्शन गरिरहेकोमा म खुसी छु । यो मेरो अहिलेसम्मकै ठूलो फिल्म हो । के योभन्दा राम्रो अरु हुनसक्छ ?'

उनी आफ्नो फिल्म यात्रालाई लिएर सन्तुष्ट पनि छिन् । भन्छिन्, 'म आफूलाई निकै भाग्यमानी मान्छु । अभिनेत्री बन्नु मेरो सपना थियो, अहिले त्यो सपना बाँचिरहेको छु । पैसा र प्रेम सबै मिलेको छ । म खुसी र सन्तुष्ट छु ।' 'द डर्टी पिक्चर'बाट बोल्ड अभिनेत्रीको छवि बनाएकी विद्याका 'पा', 'तुम्हारी सुलु', 'कहानी', 'लगे रहो मुन्ना भाई' जस्ता फिल्म यादगार मानिन्छन् ।

# 'हरिबहादुरको जुत्ता'मा प्रियंकाको पनि प्रवेश

काठमाडौं/दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको फिल्म 'हरिबहादुरको जुत्ता'मा कलाकारको 'लाइनअप' रोचक बनिरहेको छ । अभिनेताद्वय हरिवंश आचार्य र प्रकाश सपूतपछि शुक्रबार मुख्य अभिनेत्रीमा स्वस्तिमा खड्का अनुबन्ध भइन् । अब फिल्ममा अर्की अभिनेत्री प्रियंका कार्कीको पनि प्रवेश भएको छ । निर्माताले प्रियंका र स्वस्तिमासँग एकैदिन कागजी सम्झौता गरेका हुन् ।



आइतबार प्रियंकाले सामाजिक सञ्जालमा निर्देशक खनालबाट स्क्रिप्ट बुझेको तस्वीर सेअर गर्दै फिल्ममा आफूलाई अनुबन्धित गरेकोमा निर्मातासहितको टिमलाई धन्यवाद दिएकी छन् । प्राप्त जानकारी अनुसार यसमा उनको सहायक भूमिका रहनेछ । आफैं फिल्म निर्माणको तयारीमा समेत रहेकी प्रियंकाको निर्देशक खनालसँग यो चौथो सहकार्य हुनेछ । यसअघि 'भिजिलान्ते', 'झोले' र 'चंगा चेट'मा उनीहरुको सहकार्य भएको थियो ।

फिल्ममा पटकथा तथा संवाद हरिवंश आचार्य स्वयंको छ । उनले 'आइडिया' युनिक र हेकाले फिल्म राम्रो बन्ने विश्वास व्यक्त गरेका छन् । फिल्मलाई गायक समेत रहेका सरोज ओलीले निर्माण गर्नेछन् । सरोजले हरिवंश र प्रियंकासँग थुप्रै गीतमा सहकार्य गरिसकेका छन् । आगामी माघको दोस्रो सातादेखि काभ्रेमा फिल्मको छायांकन हुने जनाइएको छ ।

के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop
The complete office solution
Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4
tonerhouse_htd@yahoo.com

# आमाको थैलीमा....

अब त दशैंमा आफन्त घर फर्कने हैन, शहर र विदेश जाने क्रम बढेको छ, अनि मुलाको सागसँग मकै खाने कुरा पनि हराउँदै गएजस्तो लाग्छ । साहित्य लेखन, अध्ययन र जलवायु परिवर्तनको विषयमा चासो राख्ने भीमेश्वर नगर पालिकाका इन्जिनियर सुरेश राउत भन्दै थिए- यसपटक हाम्रो परिवारको आधा संख्या अमेरिका र मसमेत आधा संख्या काठमाडौंमा दशैं मनाउने तयारीमा छौं । राउतजीको जस्तै गाउँघर मुकाम भएका धेरै परिवार अहिले, यसै गरी विदेश र काठमाडौंमा दशैं मनाउने तयारीमा देखिन्छन् । किनभने गाउँघरका अधिकांश युवा-युवती अध्ययन र रोजगारीको लागि कि विदेश, कि शहरतिर लागेका छन् । उनीहरु गाउँ फर्कन नसक्ने भएपछि बाबु-आमा र परिवारका सदस्यलाई आफू भएतिरै बोलाउँछन् ।

युवा विदेशिने क्रमसँग जलवायु परिवर्तनको सरोकार होला कि नहोला ? मेरो मनमा सूलझैं गडेको छ यो जिज्ञासा । पछिल्लो परिघटनालाई नियाल्दा धेरै हदसम्म जलवायु परिवर्तनको असरले गाउँघरका मानिस शहर र विदेशमा पलायन हुँदै गएको निष्कर्षमा म पुगेको छु । जलवायु परिवर्तनकै कारण पानीको अभाव, भूक्षयको त्रास, बाँदर आतङ्कजस्ता समस्याले गाउँका धेरै बस्तीहरु नै स्थानान्तरण हुनुपरेका उदाहरण पनि छन् । त्यसरी आफ्नो मुकाम छोडेर बस्ती नै स्थानान्तरण हुनुपरेको पीडामा उनीहरुको दशैं कति सुखद हुन सक्ला र ! आफ्नो रैथाने भूमिमा चाडबाडमा गरिने पूजा-आराधना, भेटघाट, नाचगानजस्ता सुखद संस्कार पक्कै पनि अर्को समाज र भूमिमा हुन सक्दैन ।

जलवायु विज्ञ डा. धरमराज उप्रेतीसँग गाउँबाट युवा पलायन र जलवायु परिवर्तनबीचको सम्बन्ध केलाउने प्रयत्न गरें । यो विषयमा डा. उप्रेतीले लामै व्याख्या गर्नुभयो । प्रकृतिलाई बुझ्न नसक्दा मानिसले धेरै गल्ती गर्ने र त्यसैबाट अति वर्षा, बाढी-पहिरोजस्ता प्राकृतिक विपत्ति आइलाग्ने जलवायु विज्ञ डा. उप्रतीको विश्लेषण छ । यसरी शुरु हुने प्राकृतिक विपत्तिका कारण बस्ती सर्नुपर्ने, कृषि उत्पादनमा ह्रास आउनेलगायतका समस्या भई आर्थिक सन्तुलनमा गडबड हुने र युवाहरु शहर वा विदेशतिर पलायन हुनुपर्ने जलवायु विज्ञ डा. उप्रेतीको निचोड थियो । मेरो कोरा अनुमान र जलवायु विज्ञ डा. उप्रेतीको अध्ययनको निष्कर्षबीच समानता भेटियो । जलवायु परिवर्तनका कारण गाउँ-गाउँबाट युवा पलायनको क्रम बढिरहेको छ भन्ने कुरा झट्ट सुन्दा अनौठो लाग्छ तर सत्य यही हो ।

*(साभार: न्यूज अफ नेपाल)*

# तिहार र छठ सकिएसँगै सप्तरीका किसान धान काट्न व्यस्त

राजविराज/तिहार र छठ सकिएसँगै सप्तरीको पूर्वी भेगका किसान धान काट्न र भित्र्याउने व्यस्त हुन थालेका छन् । यो वर्ष समयमा वर्षा भएकाले उत्पादन राम्रो हुनुका साथै भित्र्याउने बेला पनि मौसमले साथ दिएपछि किसान उत्साहित छन् ।

जिल्लाको सप्तकोशी, कञ्चनरुप र हनुमाननगर कङ्कालिनी नगरपालिका तथा तिरहुत, महादेव र अग्निकृष्णासवरण गाउँपालिकाका किसान धान भित्र्याउन व्यस्त हुन थालेका हुन् । अग्निकृष्णासवरण-४ का किसान रमेश यादवले मौसमले साथ दिएकाले धान भित्र्याउन सहज भएको बताए । धान काटिसकेर गहुँ लगाइने भन्दै उहाँले पानी नपर्दै गहुँ छर्नुपर्ने भएकाले हतारमा काम भइरहेको उल्लेख गरे ।

'गाउँका अधिकांश युवा वैदेशिक रोजगारमा गएकाले गाउँघरमा धान काट्ने मजदुरको अभाव छ । वर्षभरि घर खर्च चलाउन १० कट्ठा जग्गामा धान रोपेका छौं । समयमा भित्र्याएर गहुँ छरेपछि अलि फुर्सद हुन्छ', यादवले भने ।

स्थानीय सरस्वतीदेवी यादवले पनि परिवारलाई सघाउँदै छिन् । उनले खेतीपाती गर्न मेहनत आवश्यक पर्ने भन्दै सरोकार भएका निकायले किसानलाई आवश्यक अनुदान तथा प्राविधिक सहयोग गर्नुपर्नेमा जोड दिइन् ।

यहाँका किसानले खेतको धान भित्र्याएपछि तोरी, आलु, तरकारी, मकै र गहुँ लगाउने गर्दछन् । धान वर्षभरिको खर्च जुटाउने मुख्य बाली भएकाले परिवारका सबै सदस्य काममा खटिएको सरस्वतीदेवीले बताइन् ।

*(स्रोत: अनलाइनखबर)*

# बाढीपहिरो पीडितले पाएनन् बागमती सरकारले कबुल गरेको राहत रकम

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ बाढीपहिरोका कारण मृत्यु भएका र आवासविहीन बन्न पुगेका विपद् पीडितलाई कबुल गरिएको राहत रकम नदिएपछि बागमती प्रदेश सरकारलाई ध्यानाकर्षण गराइने भएको छ ।

असोज १० देखि १२ गतेसम्म आएको बाढीपहिरोबाट बागमती प्रदेशको काभ्रे, मकवानपुर, काठमाडौं, ललितपुर, सिन्धुली, रामेछाप जिल्लामा सबैभन्दा बढी जनधनको क्षति पुगेको थियो । १४ असोजमा ललितपुरस्थित प्रदेश सुशासन केन्द्रमा मुख्यमन्त्री बहादुर सिं लामाको अध्यक्षतामा बसेको सर्वदलीय बैठकले विपदमा परी मृत्यु भएकाको परिवारलाई जनही २ लाख र आवासविहीनलाई अस्थायी आवास निर्माण गर्न तत्काल जनही १ लाख रुपैयाँ दिने निर्णय गरेको थियो ।

तत्काल राहत उपलब्ध गराउने निर्णय गरेको डेढ महिना बितिसक्दा पनि कबुल गरिएको पूरा राहत रकम उपलब्ध नगराइएको भन्दै आइतबार प्रदेश सुशासन केन्द्रमा बसेको सर्वदलीय कार्यदलको बैठकले सरकारको ध्यानाकर्षण गराउने निर्णय गरेको छ । सर्वदलीय बैठकमा सरकारले गत साउनमै गठन गरेको सत्तारुढ कार्यदलका संयोजक कांग्रेस संसदलीय दलका उपनेता रामकृष्ण चित्रकार, कांग्रेस मुख्यसचेतक गोविन्द लम्साल, एमालेका प्रमुख सचेतक मधुसुदन पौडेल, माओवादी केन्द्रका प्रमुख सचेतक रत्नप्रसाद ढकाल, राप्रपाकी सचेतक कुमारी तामाङ, नेकपा एकीकृत समाजवादीका सांसद बसन्त मानन्धर र हाम्रो नेपाली पार्टीका नेता शैलेन्द्रमान बज्राचार्य थिए ।

बागमती प्रदेशसभामा प्रतिनिधित्व गर्ने राजनीतिक दलहरुको सर्वदलीय बैठकले चालू आर्थिक वर्ष २०८१/८२ मा सांसदका योजनामा अपुग बजेट थप गर्ने विषयमा थप अध्ययन गर्ने र बाढीपहिरो पीडितलाई पूर्वसहमतिअनुसार राहत रकम तत्काल उपलब्ध गराउन सरकारको ध्यानाकर्षण गराउने निर्णय भएको सर्वदलीय कार्यदलका संयोजक तथा कांग्रेस उपनेता चित्रकारले जानकारी दिए ।

हालसम्म प्रदेश सरकारले मृतक परिवारलाई १ लाख रुपैयाँ मात्रै उपलब्ध गराएको प्रमुख प्रतिपक्षी दल नेकपा माओवादी केन्द्रका प्रमुखसचेतक ढकालले बताए । प्रदेश सरकारले अस्थायी आवास निर्माणका लागि १ लाख रुपैयाँ दिने निर्णय कार्यान्वयन नगरेको ढकालले बताए । 'पीडित जनता चिसोमा कष्टपूर्ण जीवन बिताइरहेका छन् । अस्थायी आवास बनाउन दिने भनिएको पैसा नै गएन । मृतक परिवारले पनि पूरा राहत पाएनन्' उनले भने ।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय स्रोतले अस्थायी आवास निर्माणका लागि प्रदेश सरकारले रकम उपलब्ध नगराएको पुष्टि गरे । 'पैसा किन पठाइएन त्यो चाहिँ थाहा छैन । तर, मृतक परिवारलाई हालसम्म १ लाख रुपैयाँ मात्रै गएको छ । अस्थायी आवास बनाउन पैसा गएको छैन । सायद बजेट नभएर वा अन्य कुनै समस्याले हो कि ?'

'आर्थिक वर्ष २०८१/८२ को विभिन्न विषयगत मन्त्रालयमा माननीय ज्यूहरुका योजना छुटेका र रकम अपुग भएको सन्दर्भमा दलहरु बीचको एउटा कार्यदल बनाई पेश भएका योजनाको अध्ययन गरी रकम थप गर्न कात्तिक दोस्रो सातासम्ममा सरकारलाई सुझावसहित सिफारिस साथै अधुरा योजना सम्पन्न गर्न आवश्यक योजना बनाई अगाडि बढ्ने निर्णय गरियो', ६ असोजको सर्वदलीय बैठकको निर्णयमा भनिएको थियो ।

# फोटो पत्रकार विष्ट पुरस्कृत

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ राष्ट्रिय फोटो पत्रकार समूह नेपाल (एनएफपिजे) ले प्रदान गर्ने हरिगोपाल प्रधान फोटो पत्रकारिता पुरस्कार, संस्कृति/सम्पदा फोटो पत्रकारिता पुरस्कार-२०८० बाट मकवानपुरका गणेश बिष्ट पुरस्कृत भएका छन् ।

एनएफपिजेको शनिबार सम्पन्न २७ औं साधारणसभा तथा १३ औं अधिवेशनबाट मकवानपुर को थाहा नगरपालिकानिबासी बिष्ट पुरस्कृत भएका हुन् । थाहा नगर पालिका-३ का बिष्ट मकवानपुर लगायत देशका बिभिन्न स्थानका धार्मिक, पर्यटकीयस्थल, जनजीवन लगायतका फोटो खिचेर प्रचारप्रसामा सक्रिय छन् । बिष्ट थाहानगरको पर्यटन प्रवर्द्धनमा पनि निकै सक्रिय छन् ।

बिष्ट फोटो पत्रकारितासँगै थाहानगरका विभिन्न स्थानमा पदमार्गको परिकल्पनाकार समेत हुन् । हाल थाहा नगरमा ७ वटा पदमार्ग चर्चामा रहेको छ । बिष्टसँगै साहसिक फोटो पत्रकारिता सम्मानबाट सुजन बज्राचार्य, पर्यापर्यटन फोटो पत्रकारिता सम्मानबाट प्रवीन श्रेष्ठ, मनोरञ्जन फोटो पत्रकारिता सम्मानबाट लेखबहादुर श्रेष्ठ र खेलकुद फोटो पत्रकारिता सम्मानबाट सरोज नेपाल सम्मानित भएका थिए ।

# परेली र ढेंडो क्लब क्वाटरफाइनलमा

साझाकुरा संवाददाता

हेटौंडा, २५ कात्तिक/ मनहरी गाउँपालिका-४, स्थित पशुपतिनाथ माविको गोलघर खेलमैदानमा जारी खुला फुटबल प्रतियोगितामा परेली युवा क्लव बस्तिपुर र ढेंडो एफसी हेटौंडा क्वाटरफाइनल प्रवेश गरेका छन् ।

चैनपुर जेसीज मनहरीको आयोजनामा भएको प्रतियोगिता अन्तर्गत् आइतबार भएको पहिलो खेलमा ढेंडो एफसीले नेवारपानीको सक्षम युवा क्लवलाई ४-२ गोलले हराएको हो ।

ढेंडोको तर्फबाट समिराज थोकरले २ र विश्व लामाले एक गोल गर्दा एक गोल भने उपहार पाएको थियो । यता सक्षमको तर्फबाट राहुल थापा र सन्देश पाखिनले गोल गरेपनि टिमलाई हारबाट जोगाउन सकेनन् ।

खेलको म्यान अफ द म्याच ढेंडो एफसीका समिराज थोकर घोषित भए । यस्तै, दोस्रो खेलमा परेलीले टिएनटी एफसीलाई २-१ ले हरायो । परेलीको तर्फबाट रोज मोक्तान र साजन थिङले गोल गरेका थिए । टिएनटीको लागि रबिन मोक्तानले एक गोल फर्काएका थिए । खेलको म्यान अफ द म्याच परेलीका साजन थिङ घोषित भए ।

३ मंसिरसम्म सन्चालन हुने दोस्रो चैनपुर जेसीज मनहरी कप फुटबल प्रतियोगितामा मकवानपुरका १६ टिमको सहभागिता रहेको छ ।

प्रतियोगिताको विजेताले एकलाख एकहजार १११ रुपैयाँ तथा उपविजेताले ५१ हजार १५१ रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछ । यस्तै सर्वोत्कृष्ट खेलाडीले ७ हजार पाँचसय तथा अन्य विधागत उत्कृष्टले जनही नगद ३ हजार पाँचसय रुपैयाँसहित ट्रफी प्राप्त गर्नेछन् । मकवानपुर गाउँपालिकाको ४ नम्बर वडाको मुख्य प्रायोजन तथा मनहरी गाउँपालिकाको सहयोगमा प्रतियोगिता सन्चालन भएको हो ।


बागमती प्रदेश सरकार
युवा तथा खेलकुद मन्त्रालय
**प्रदेश युवा परिषद**
बागमती प्रदेश, हेटौंडा, नेपाल

प्रदेश युवा परिषद्, बागमती
PROVINCE YOUTH COUNCIL, BAGAMATI

## सूचिकृत सहित प्रस्ताव पेश गर्ने सूचना

(सूचना प्रकाशित मिति: २०८१/०७/२६)

प्रस्तुत विषयमा आ.व.२०८१/०८२ मा यस परिषद्ले संचालन गर्न लागेको छोटो अवधि (७ देखि १५ दिन) का तालिम तथा अन्य विविध कार्यक्रम सन्चालन गर्न चाहने तालिम प्रदायक संस्था तथा अनुसन्धान कार्य गर्ने सरकारी तथा गैरसरकारी, यसैसँग सम्बन्धित संस्थाहरुले तपशिलको कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस परिषद्मा सूचिकृत तथा प्रस्ताव पेश गर्नुहुन अनुरोध छ ।

**क) आवश्यक कागजातहरू:**
१. प्रस्तावना
२. कार्यालयले तोकेको ढाँचामा आर्थिक प्रस्तावना
३. प्यान/ भ्याटमा दर्ता प्रमाणपत्रको प्रतिलिपि
४. आ.व.द्दण्डण/ण्डज्ञ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. संस्था दर्ता तथा नविकरणको प्रतिलिपि

**ख) तालिमका विषयहरू:**
१. युवा उद्यमशीलता सम्बन्धी खोजमूलक अनुसन्धान ।
२. युवाहरुलाई छोटो अवधिको तालिम (७ दिनदेखि १५ दिन सम्मको) उद्यमशीलता र रोजगार जोड्ने तालिम ।
३. लागु पदार्थ दुर्व्यसन, साइबर क्राइम सचेतना कार्यक्रम (सडक नाटक सहित)
४. सरकारी तथा गैरसरकारी संघ/संस्थाको समन्वयमा युवा लक्षित कार्यक्रम ।
५. परम्परागत सीप संरक्षण र सम्बर्द्धन तालिम ।
६. युवाहरुलाई स्ट्रिट फुड, स्थानीय उत्पादन प्रवर्द्धन र खाद्य सुरक्षा सम्बन्धी तालिम ।
७. युवाहरुलाई निति र नैतिकता सम्बन्धी तालिम (१० जोड २/क्याम्पसमा आधारित) ।

**नोट-** संस्थाहरु सूचीकृत भएपश्चात प्राप्त प्रस्तावहरुको उपयुक्तता तथा युवाहरुका लागि आवश्यकताको आधारमा परिषद्ले सीधैं वार्ताबाट संस्थाहरु छनौट गरी कार्यक्रम संचालन गर्नेछ ।
- कुनै संस्था छनौट गर्ने तथा नगर्ने सम्पूर्ण अधिकार परिषद्मा निहित रहनेछ ।
- विस्तृत जानकारीका लागि परिषद्मा सम्पर्क राख्नुहुन अनुरोध छ ।

**रमेश घिमिरे**
(कार्यालय प्रमुख)



नेपाल सरकार
ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय
जलस्रोत तथा सिंचाइ विभाग
**एकिकृत नदी बेसिन सिंचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम**
पुल्चोक, ललितपुर, नेपाल

## तल्लो मकरी लिफ्ट सिंचाइ योजना, मनहरी-१ र डिल्लीपुर बसन्तपुर लिफ्ट सिंचाइ योजना, मनहरी-५ को लागि प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी सार्वजनिक सूचना

(प्रकाशित मिति २०८१/०७/२६ गते)

बागमती प्रदेश, मकवानपुर जिल्ला, मनहरी गाउँपालिका, वडा नं. १ र ५ मा एकिकृत नदी बेसिन सिंचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम, पुल्चोक, ललितपुर, नेपालबाट निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकिकृत नदी बेसिन सिंचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम पुल्चोक, ललितपुर, फोन नं : ०१-५५४०६१७/५५३९४५१ ई-मेल : ieispdoi1@gmail.com |
| प्रस्तावको व्यहोरा | तल्लो मकरी लिफ्ट सिंचाइ योजना, मनहरी-१,२१० हे. क्षेत्रमा सिंचाइ, ५ वटा ट्युबवेल निर्माण, ५ वटा रिजर्भ ट्यांकी, वितरण पाइप : ८० मि.मि. को जि. आइ. पाइप, लम्बाइ २५५० मि. |
| | डिल्लीपुर बसन्तपुर लिफ्ट सिंचाइ योजना, मनहरी-५,: २१० हे. क्षेत्रमा सिंचाइ, ३ वटा ट्युबवेल निर्माण, ३ वटा रिजर्भ ट्यांकी, वितरण पाइप : ३ इन्चको जि. आइ. पाइप, लम्बाइ ६१८२ मि |
| प्रभाव पर्न सक्ने जिल्ला/न.पा. | मकवानपुर जिल्ला, मनहरी गाउँपालिका, वडा नं. १ र ५ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, आर्थिक प्रणाली, साँस्कृतिक प्रणाली बीच के-कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्यचौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र निम्न ठेगानामा आईपुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनुहुन अनुरोध गरिन्छ ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगाना**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | एकिकृत नदी बेसिन सिंचाइ तथा जलस्रोत व्यवस्थापन कार्यक्रम पुल्चोक, ललितपुर, फोन नं : ०१-५५४०६१७/५५३९४५१ ई-मेल : ieispdoi1@gmail.com |
| परामर्शदाताको नाम र ठेगाना | इन्भाइरोमेन्टल वर्कस एण्ड सर्भिसेस प्रा.लि. नयाँ बानेश्वर काठमाडौं, सम्पर्क नं.: ९८५१०४८५३१ इमेल : ews.ktm@gmail.com |



कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
**पशु सेवा कार्यालय**
हेटौंडा, मकवानपुर
कार्यक्षेत्र: मकवानपुर

## प्रस्ताव आह्वानको सूचना !

**सूचना नं. १/०८१/८२**
**प्रथम पटक प्रकाशित मिति: २०८१/०७/२६**

यस पशु सेवा कार्यालय, हेटौंडा, मकवानपुरको आ.व. २०८१/०८२ को स्वीकृत वार्षिक कार्यक्रमहरु अन्तर्गत देहाय अनुसारका कार्यक्रमहरुमा सहभागी हुन इच्छुक एवं मापदण्ड पूरा गरेका आवेदकहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्र (मिति २०८१/०८/२५) भित्र तपसिलमा उल्लेखित कागजातसहित कार्यालय समयभित्र यस कार्यालयमा आवेदन दर्ता गराउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै म्याद नाघी वा रित नपुगी दर्ता हुन आएका प्रस्तावहरुलाई छनौट प्रक्रियामा समावेश नगराइने व्यहोरासमेत सूचित गरिन्छ ।

| क्रस. | कार्यक्रम | इकाई | परिमाण | कुल बिनियोजित बजेट (रु. लाख) | अधिकतम प्रोत्साहन रकम (रु. लाख) | आवेदक | कार्यविधि | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | मत्स्यपालन क्षेत्र विस्तार तथा उत्पादकत्व वृद्धि कार्यक्रम | हेक्टर | २ | १०.०० | प्रति हे. बढीमा ५ लाख वा लागतको ५० प्रतिशत नबढ्ने गरी | कृषक समुह/ निजि फार्म/ कृषि सहकारी कृषि उद्यमी | पशपन्छी तथा मत्स्य मिसन सञ्चालन कार्यविधि २०७८ | |
| २ | पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम | संख्या | १० | १०.०० | १०.०० | दु.उ.सहकारी एवं निजी फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | |
| ३ | पशु आहारा आत्मनिर्भर कार्यक्रम | पटक | ५ | १७.०० | १७.०० | निजी फार्म/कृषक समुह/सहकारी | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | पशु आहाराको पौष्टिक गुण सुधार तथा अभिवृद्धि, घाँस तथा घाँसेवाली विकास/विस्तारमा खर्च गर्न सकिने |
| ४ | पशुपन्छी तथा मत्स्य पालनका लागि यन्त्र तथा उपकरण वितरण कार्यक्रम | पटक | १ | १०.०० | १०.०० | कृषक समूह/ निजि फार्म/ कृषि सहकारी | कृषि यान्त्रिकरण तथा प्रविधि प्रवर्द्धन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७९ | |
| ५ | बंगुर प्रवर्द्धन कार्यक्रम | संख्या | २ | १०.०० | १०.०० | कृषक समूह/ निजि फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | |
| ६ | बाख्रापालन प्रवर्द्धन कार्यक्रम | पटक | १ | १५.०० | ५.०० | कृषक समूह/ निजि फार्म | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | |
| ७ | दूध उत्पादन वृद्धि (दुग्ध जोन) कार्यक्रम | पटक | १ | ३५.०० | ०.७५ | दूध जोन भित्रका निजी फार्महरु | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८१/०८/१६) भित्र आवेदन दिनुपर्ने (बागमती, बकैया, मनहरी र भीमफेदी गाउँपालिकामा मात्र) |
| ८ | लक्षितवर्ग खरायोपालन पवर्द्धन कार्यक्रम (शतप्रतिशत प्रोत्साहन सहयोग कार्यक्रम) | पटक | १ | ७.५० | ७.५० | लक्षित वर्गका समूह वा सहकारी | एकिकृत पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८१ | मासु वा उन वा दुवैको उत्पादन तथा बजारीकरण |
| ९ | मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम (८५ प्रतिशत प्रोत्साहन) | संख्या | १५ | १५.०० | ८५ प्रतिशत वा बढीमा १ लाख | विपन्न, अल्पसंख्यक, सिमान्तकृत जाती, एकल महिला, दलित, पिछ्डिएका जातजाती वा सोसंग सम्बन्धित कृषि समूह, सहकारी, फर्म | खाद्य प्रणाली रुपान्तरणको लागि मागमा आधारित जिविकोपार्जन सहयोग कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८० | सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८१/०८/१६) भित्र आवेदन दिनुपर्ने |
| १० | पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम | संख्या | १८ | ३६.०० | चालु प्रकृतिका काममा ५० प्रतिशत तथा पूँजीगत प्रकृतिका काममा बढीमा ८० प्रतिशत वा बढीमा २ लाख | कृषि फर्म/कम्पनी र कृषक/कृषि उद्यमी | कृषि तथा पशुपन्छी उद्यमशिलता विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८१ | सूचना प्रकाशन भएको मितिले २१ दिन (२०८१/०८/१६) भित्र आवेदन दिनुपर्ने |

**आवेदनसाथ संलग्न गर्नुपर्ने कागजातहरू**
१. सम्बन्धित व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपि
२. अनुसूचि-२ बमोजिमको रु. १० को हुलाक टिकट सहितको निवेदन
३. कृषक समूह/सहकारी/निजी उद्यमीको संस्था दर्ता तथा नवीकरणको प्रतिलिपि र पान नम्बर
४. गत आ.व. (२०८०/०८१) को लेखा परीक्षण प्रतिवेदन र कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि
५. कृषक समूह/सहकारी संस्थाको हकमा गत आ.व.को साधारण सभाको बैठक निर्णय प्रतिलिपि
६. क्रियाशील पशु बिमालेखको प्रतिलिपि,
६. जग्गाको स्वामित्व देखिने प्रमाण वा जग्गा भाडामा लिएको भए कम्तीमा ५ (पाँच) वर्षको करार सम्झौता पत्र
७. कार्यक्रममा सहभागि गराईदिने सम्बन्धी सम्बन्धित स्थानीय तहको सिफारिस (पशु सेवा शाखाबाट पशुपन्छीको संख्या समेत खुलाउनुपर्ने)
८. अनुसूचि-४ बमोजिमको कार्ययोजना, अनुसूचि-५ बमोजिमको स्वघोषणा पत्र,
९. अनुसूचि-६ बमोजिमको कार्य स्थान खुल्ने नक्सा
१०. कार्यक्रममा सहभागी हुने सम्भावित कृषक समूह/सहकारी संस्थाले प्रोत्साहन माग गर्दा अनिवार्य रुपमा कृषक छनौट गरी कृषकको नाम र ठेगाना खुलाईएको पत्र
११. कार्यक्रममा सहभागिता सम्बन्धी कृषक समूह/सहकारीको बैठकको निर्णय प्रतिलिपि (सहकारी/समूहको हकमा)
१२. सम्बन्धित कार्यविधिमा तोकिए बमोजिम अन्य कागजात ।

**मत्स्य क्षेत्र विस्तार तथा उत्पादकत्व वृद्धि कार्यक्रम**
१. आवेदकले विगतका वर्षमा सोही प्रकृतिको कार्यक्रममा २ लाख भन्दा बढी अनुदान नलिएको वा २ लाख भन्दा कम अनुदान रकम लिएको भए अनुदान रकमको सदुपयोग गरेको स्व-घोषणा पत्र

**पशुपालनमा असल अभ्यास प्रवर्द्धन कार्यक्रम**
१. आवेदक सहकारी संस्था सूचना प्रकाशनको मितिमा स्थापना भएको कम्तीमा १ (एक) वर्ष पूरा भई दैनिक कम्तीमा १०० लिटर दुध संकलन गरेको हुनुपर्ने
२. आवेदक संस्थामा आवद्ध कृषकहरुले दैनिक कम्तीमा २० (बीस) लिटर दूध बिक्री गर्ने विवरण अनुसूचि-१४ बमोजिमको फारम भरी प्रस्तावसंगै पेश गर्नुपर्न
३. निजी फर्मको हकमा उल्लेखित मापदण्ड पूरा गरेको प्रमाण पेश गर्नुपर्ने
४. पशु बीमा अनिवार्य गर्नुपर्ने

**दुध उत्पादन वृद्धि (दूध जोन) कार्यक्रम**
१. दैनिक १० लिटर वा सो भन्दा माथि दूध उत्पादन गर्ने निजी फार्म हुनुपर्ने
२. साझेदार संस्थाले पशुहरुको अनिवार्य बीमा गरेको हुनुपर्ने

**पशुपन्छी तथा मत्स्य उद्यमशीलता विकास कार्यक्रम**
१. अनुसूचि-३ बमोजिम प्रस्ताव, अनुसूचि-४ बमोजिम प्रतिबद्धता पत्र
२. निवेदकको व्यक्तिगत तथा तिनपुस्ते विवरण खुल्ने कागजातहरु (नागरिकताको प्रतिलिपि)

**मागमा आधारित जिवीकोपार्जन सहयोग कार्यक्रम**
१. आर्थिक हिसाबले विपन्न एवं अल्पसंख्यक तथा सिमान्तकृत जाती, एकल महिला, दलित एवं पिछडीएका जातजातीहरु एवं उनीहरुबाट गठित कृषक समूह, कृषि सहकारी र कृषि तथा पशुपंक्षी फर्मले मात्र आवेदन दिन सक्ने
२. आर्थिक रुपले विपन्न तथा अल्पसंख्यक/सिमान्तकृत/दलित/पिछडीएका जातीहरु खोल्ने परिचयपत्रको प्रतिलिपि वा सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालय/स्थानीय तह/वडाको सिफारिस
३. निवेदक पूर्ण वा आंशिक रुपमा कृषि पेशामा आवद्ध भएको भनि सम्बन्धित स्थानीय तहको आधिकारीक सिफारिस पत्र
४. अनुसूचि-३ बमोजिम आवेदन र अनुसूचि-४ बमोजिम प्रतिबद्धता पत्र

**पुनश्च**: कार्यक्रमको लागत साझेदारी सम्बन्धि व्यवस्था कार्यविधिमा उल्लेख भए बमोजिम हुनेछ । सम्बन्धित कार्यविधिहरु कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बागमती प्रदेश, हेटौंडाको वेभसाइट molmac.bagamati.gov.np मा गई हेर्न वा डाउनलोड गर्न सकिने छ । थप जानकारीको लागि यस कार्यालयको सम्पर्क नम्बर ०५७-४१२८२८, ०५७-४१२५७१, ९८५५०२७७२९ मा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ । साथै उल्लेखित कार्यविधिहरुमा कुनै संशोधन भएमा संशोधित कार्यविधि बमोजिम कार्यक्रम कार्यान्वयन गरिने छ ।

**डा. बज्र किशोर ठाकुर**
**बरिष्ठ पशु चिकित्सक**
**कार्यालय प्रमुख**


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सबिन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना